# प्रभाव दैनिक
National Daily

वर्ष ११ | अंक २६६ | काठमाडौं | मंगलबार, ०८ माघ २०८१ | Prabhab National Daily | Tuesday, January 21, 2025 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-

संस्कृति र सांस्कृतिक सम्पदाको संरक्षण गरौं

- संस्कृति र सांस्कृतिक सम्पदा हाम्रा पहिचान हुन्, यिनीहरूको संरक्षण गर्नु हाम्र दायित्व हों,
- साँस्कृतिक विविधता वीच एकता कायम राखौं,
- सांस्कृतिक धरोहरहरूको प्रचारप्रसार र सुरक्षा गरौं,
- सम्पदा वरिपरि सफा राखी सभ्य समाज निर्माण गरौं,
- सामाजिक मेलमिलाप र भाइचारा कायम राखौं,

साँस्कृतिक सम्पदाको संरक्षण र सम्मानमा हातेमालो गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड




# अप्रवासीप्रति कठोर बन्दै

## कागजपत्र नभएकालाई देश निकाला गर्ने

- अब अमेरिकाको स्वर्ण युग सुरू भएको भनाइ, 'अमेरिका फर्स्ट' आफ्नो पहिलो नीति हुने ट्रम्पको
- गैरकानुनीरूपमा अमेरिका पसेका सबैलाई देश निकाला गर्ने घोषणा
- मेक्सिकोसँगको सीमाक्षेत्रमा राष्ट्रिय संकटकाल लागू

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** ४७औं राष्ट्रपतिका रूपमा ह्वाइट हाउसमा फर्केका डोनाल्ड ट्रम्प आप्रवासीको विषयमा कडा रूपमा प्रस्तुत भएका छन् । पहिलोपटक ४५औं राष्ट्रपतिको कार्यकाल सकेपछि पुनः ह्वाइट हाउस प्रवेशको सपना बुने पनि जो बाइडेनले उनको योजना अवरुद्ध पारेका थिए ।

यद्यपि, यसपटक ट्रम्पले डेमोक्रेट्स उम्मेदवार कमला ह्यारिसलाई रोक्दै ह्वाइट हाउसमा 'कम्ब्याक' गरेका हुन् । ट्रम्पको यसपटकको जितमा विभिन्न नाटकीय घटनाहरू भए । अघिल्लो निर्वाचनमा डेमोक्रेट्सका बाइडेनसँग पराजित भएपछि अमेरिकी संसद् भवनमा हुलदंगा मच्चाएका कारण ट्रम्पको ट्वीटर र फेसबुक खाता बन्द गरिएको थियो ।

यसपटक राष्ट्रपतीय निर्वाचनमा चुनावीसभामै ट्रम्पमाथि गोली प्रहार भएको थियो । उक्त गोलीले ट्रम्पको कानमा लागेको थियो । अर्कोतर्फ डेमेक्रचाट्सका उम्मेदवार बाइडेनले अन्तिम अवस्थामा आएर आफ्नो उम्मेदवारी फिर्ता लिएका थिए । जसका कारण ट्रम्पलाई फेरि ह्वाइट हाउस छिर्न केही सहज भएको थियो ।

### क्यापिटोल हिलमा शपथग्रहण

अमेरिकी आमहिंसाको रूपमा चिनिने हुलदंगा सन् २०१७ मा मच्चिएको थियो संसद् भवन क्यापिटोल हिलमा । यही भवनमा ट्रम्पले स्थानीय समयअनुसार सोमबार दिउँसो १२ बजे शपथ लिएका छन् । उनीभन्दा अघि जेडी भान्सले उपराष्ट्रपतिमा शपथ लिएका थिए ।

शपथ ग्रहण समारोहमा पूर्वराष्ट्रपति बिल क्लिन्टन, उनकी पत्नी हिलारी क्लिन्टन, पूर्वराष्ट्रपति जर्ज डब्ल्यु बुस, पूर्वराष्ट्रपति बाराक ओबामालगायत उपस्थित थिए । त्यसैगरी निवर्तमान हुँदै गरेका राष्ट्रपति बाइडेन, उपराष्ट्रपति एवं ट्रम्पका यसपटककी प्रतिस्पर्धी कमला ह्यारिस पनि समारोहमा उपस्थित थिए ।

यसैगरी टेस्ला र स्पेस एक्सका मालिक एलन मस्क, अमेजनका संस्थापक जेफ बेजोस र मेटाका मालिक मार्क जुकरबर्ग, एप्पलका टिम कुक, गुगलका प्रमुख सुन्दर पिचाइ, मिडिया टाइकुन रूपर्ट मुर्डक, फिफाका अध्यक्ष गियानी इनफन्टिनो, बेलायतका पूर्वप्रधानमन्त्री बोरिस जोनसन पनि शपथ ग्रहण समारोहमा उपस्थित भएका थिए ।

### 'अमेरिकामा स्वर्ण युगको सुरुआत'

शपथ ग्रहणका क्रममा नवनिर्वाचित राष्ट्रपति ट्रम्पले अमेरिकामा स्वर्ण युगको सुरुआत भएको बताएका छन् ।

क्रमशः पृष्ठ २ मा

# रित्तो गाग्री बोकेर प्रधानमन्त्री भेट्दै मेयर साम्पाङ

- धरानका मेयर हर्कराज साम्पाङ पानी माग्न रित्तो गाग्री लिएर काठमाडौंमा
- आज प्रधानमन्त्री र खानेपानीमन्त्रीलाई सिंहदरबारमा भेट्दै
- धरानको खानेपानी समस्या समाधानमा संघीय सरकारको बेवास्ता रहेको साम्पाङको गुनासो
- धरानको ७, ९ र १५ मा पानीको बढी समस्या
- सुख्खायाममा हरेक वर्ष धरान काकाकुल



संघीय सरकारले धरानको खानेपानी समस्या समाधान नगरेकाले दबाब दिन भन्दै रित्तो गाग्री बोकेर आउनुपरेको मेयर साम्पाङले बताएका छन् । उनले मंगलबार रित्तो गाग्री बोकेर सिंहदरबारमा प्रधानमन्त्री केपी शर्मा ओली र खानेपानीमन्त्री प्रदीप यादवलाई भेट्दै छन् ।

■ **जेबी योञ्जन**

**काठमाडौं–** लाहुरेहरूले बसाएको देशको पूर्वी क्षेत्रको सहर धरानमा यतिबेला खानेपानी समस्या छ । सुख्खायाममा वर्षौंदेखि धरानबासीले खानेपानी समस्या झेल्दै आएका छन् । चर्किंदो खानेपानी समस्याका कारण धरानका मेयर हर्कराज साम्पाङ सोमबार रित्तो गाग्री बोकेर काठमाडौंका आएका छन् ।

काठमाडौं आउनुअघि आइतबार बिहान धरानको खानेपानी समस्या समाधान माग गर्दै मेयर साम्पाङसहितले भानुचोकमा प्रदर्शन गरेका थिए । त्यसपछि सोमबार बिहान काठमाडौंतर्फ लाग्नुअघि उनले फेसबुकमा गाग्री लिएर काठमाडौं हिँडेको बताएका थिए । 'आन्दोलन गर्न थोत्रे गाग्री बोकेर आज (सोमबार) काठमाडौं जाँदै छु । जनतालाई दीर्घकालीन खानेपानी व्यवस्था गर्न सक्नुपर्छ सरकारले,' उनले फेसबुकमा लेखेका थिए ।

पूर्वका सहरहरूमध्ये धरानमा पानीको चर्को अभाव छ । सप्तकोसीको पानी ल्याउने भनिए पनि पर्याप्त बजेट नहुँदा समस्या भएको बताइएको छ । मेयर साम्पाङले धरानमा अहिले कोकाहा खोलाको पानी अस्थायीरूपमा ल्याएका छन् । कोकाहाको पानी ल्याएको पाइप जमिन र रुखमा बाँधिएको छ । केही ठाउँको मुहान सुख्खायाम लागेसँगै सुकेका छन्, जसले धरानमा खानेपानी समस्या विकराल बन्दै गएको छ ।

यस्तोबेला उनले संघीय सरकारले धरानको खानेपानी समस्या समाधान नगरेकाले दबाब दिन भन्दै रित्तो गाग्री बोकेर आउनुपरेको बताएका छन् । मेयर साम्पाङले मंगलबार रित्तो गाग्री बोकेर सिंहदरबारमा प्रधानमन्त्री केपी शर्मा ओली र खानेपानीमन्त्री प्रदीप यादवलाई भेट्ने बताएका छन् ।

धरानमा पानी सधैंको चुनावी एजेण्डा भए पनि समस्या उस्तै छ । धरानमा ४१ वर्षसम्म पानी वितरण गरिरहेको खानेपानी संस्थान विघटन गरेर २०७७ फागुनमा खानेपानी व्यवस्थापन बोर्ड गठन गरियो तर पानीको अभाव कायमै छ ।

धरानवासीले पानीको न्यूनतम शुल्क मासिक १३० रूपैयाँ तिर्ने गरेका छन् । तर, पानी भने दुई दिनमा एक घण्टा आउने गरेको फुस्रेमा 'अधिकारी होटल' सञ्चालन गर्दै आएका प्रकाश अधिकारी बताउँछन् । उनका अनुसार पानीको हाहाकारले व्यवसाय गर्नै मुस्किल परेको छ ।

खानेपानीको समस्या नझेल्ने धराने छैनन् । हरेक वर्ष सुख्खायाम धरानेलाई पिरोल्ने समय हुने गरेको छ । कतिपयले ट्यांकरबाट पानी किन्ने गरेका छन् । धरानेको यस्तो समस्या देखिएपछि तत्कालीन खानेपानीमन्त्री राजेन्द्र राईले धरान पुगेर गत १८ जेठमा चाँडै खानेपानी समस्या समाधान हुने बताएका थिए ।

सप्तकोसी नदीबाट पानी ल्याउन डिपिआर अन्तिम चरणमा पुगेको उनको भनाइ थियो । धरानकै खानेपानीका लागि पाँच अर्ब ७२ करोड ५६ लाख रूपैयाँ बजेट विनियोजन गरिएको पनि जानकारी दिएका थिए । सोही क्रममा धरानका मेयर साम्पाङसँग तत्कालीन मन्त्री राईले भनेका थिए, 'अब ढिला नगरी सप्तकोसीबाट पानी ल्याउन आगामी आर्थिक वर्षमा टेण्डर हुन्छ, ढुक्क हुनुहोस् ।' यसो भनेको आठ महिनामै मेयर साम्पाङ धरानको खानेपानी समस्यालाई चित्रण गर्नेगरी रित्तो गाग्री लिएर काठमाडौं आइपुगे ।

खासगरी धरान उपमहानगरपालिका ७, ९ र १५ मा पानीको बढी समस्या छ । वडा नम्बर ७ मा धरानको मूल बजार पर्छ । यस क्षेत्रमा जनघनत्व बढी छ ।

पञ्चायतकाल (२०३६)मा खानेपानी संस्थानको कार्यालय धरानमा स्थापना गरिएको थियो ।

क्रमशः पृष्ठ २ मा

**सन्दर्भः वैदेशिक रोजगार**

# पूर्वप्रस्थान अभिमुखीकरण तालिममा थप कडाइ

## कक्षा सुरू र समाप्त भएको एक घण्टाभित्र फेइम्समा प्रविष्ट गर्नुपर्ने

■ **ममता थापा**

**काठमाडौं–** सरकारले वैदेशिक रोजगारमा जाने कामदारका लागि दिइने पूर्वप्रस्थान अभिमुखीकरण तालिममा लागू गरिएको 'आइरिस रिकग्निसन' प्रणाली कार्यान्वयनमा थप कडाइ गर्ने भएको छ । कतिपय तालिम प्रदायक संस्थाहरूले आइरिस मेसिनमा समय नै परिवर्तन गरी हाजिर गराउने गरेको पाइएपछि कडाइ गर्न लागिएको हो ।

वैदेशिक रोजगार विभागले आइतबार एक सूचना जारी गरी आइरिस प्रणालीमार्फत गरिने हाजिरीमा नयाँ व्यवस्था गरेको जनाएको छ । जसअनुसार अबदेखि पूर्वप्रस्थान अभिमुखीकरण तालिम प्रदायक संस्थाले कक्षा सुरु र समाप्त भएको एक घण्टाभित्र विभागको वैदेशिक रोजगार सूचना व्यवस्थापन प्रणाली (फेइम्स)मा अनिवार्य प्रविष्ट गराउनुपर्ने छ ।

विभागले गत पुस १ गतेबाट आइरिस मेसिनबाट हाजिरी गर्ने प्रणाली कार्यान्वयनमा ल्याएको थियो । तर आइरिस मेसिनको समय सच्याएर तालिम लिएको भन्ने उजुरी परेपछि विभागले गरेको अनुगमनका क्रममा त्यस्तो भेटिएको बताइएको छ । 'अब कक्षामा उपस्थित भएको हाजिर दिउँसो १२ बजेभित्र गरिसक्नुपर्छ । त्यस्तै साँझ ६ बजेभित्र कक्षा सकिएको हाजिर सूचना प्रणालीमा पठाइसक्नुपर्छ,' विभागका निर्देशक तथा सूचना अधिकारी गुरुदत्त सुवेदीले भने, 'यदि हाजिर भेटिएन भने त्यसदिन कक्षा लिएको भए पनि त्यो मान्य हुँदैन । फेरि नयाँ कक्षा लिनुपर्छ ।'

अभिमुखीकरणलाई सतप्रतिशत प्रभावकारी बनाउन 'रियल टाइम'मा लैजाने तयारी भइरहेको विभागको अनुगमन शाखाका निर्देशक लोकनाथ भुसाल बताउँछन् । 'आइरिस प्रणाली भर्खरै कार्यान्वयनमा आएको भएर पनि अभ्यस्त नभएको होला । कतिपय संस्थाको हरेक दिनको हाजिर नआएकाले प्रत्येक पटकको हाजिर अनिवार्य गरिएको हो,' भुसाल भन्छन्, 'अबको एकदेखि डेढ महिनाभित्र राष्ट्रिय परिचयपत्रसँग समन्वय गरेर हाजिर गर्नेबित्तिकै सिस्टममा गइहाल्ने व्यवस्था मिलाउँछौं ।

क्रमशः पृष्ठ २ मा



अब कक्षामा उपस्थित भएको हाजिर दिउँसो १२ बजेभित्र र साँझ ६ बजेभित्र कक्षा सकिएको हाजिर फेइम्समा इन्ट्री गरिसक्नुपर्छ । यदि हाजिर भेटिएन भने त्यसदिन कक्षा लिएको भए पनि त्यो मान्य हुँदैन ।

■ **गुरुदत्त सुवेदी**
**सूचना अधिकारी**
**वैदेशिक रोजगार विभाग**

## इजरायल जाने कामदारलाई बिहीबारदेखि अभिमुखीकरण

**काठमाडौं (प्रस)–** वैदेशिक रोजगार विभागले इजरायल जान छनोटमा परेका सहायक कामदारलाई पूर्वप्रस्थान अभिमुखीकरण तालिममा सहभागी हुन आग्रह गरेको छ । विभागले स्वास्थ्य परीक्षणमा उत्तीर्ण भएका ८९७ जनालाई तालिम दिने तयारी गरेको हो । जसमा महिला ५२८ र पुरुष ३६९ जना रहेका छन् ।

अभिमुखीकरण तालिम सञ्चालन गर्ने जिम्मेवारी पाएको राष्ट्रिय व्यावसायिक प्रशिक्षण प्रतिष्ठानले यही माघ १० गतेदेखि तालिम सञ्चालन हुने जानकारी दिएको छ । प्रतिष्ठानले आइतबार सूचना जारी गरी क्रम संख्याका आधारमा तीन समूहमा विभाजन गरी तालिम सञ्चालन गरिने उल्लेख गरेको छ ।

जसअनुसार क्रम संख्या १ देखि १५० सम्मका उम्मेदवारहरूलाई माघ १० र ११ गते, क्रम संख्या १५१ देखि ५३० सम्मकालाई माघ १३ र १४ र क्रम संख्या ५३१ देखि ८९७ सम्मका उम्मेदवारहरूलाई माघ १५ र १६ गते तालिममा सहभागी गराइने छ । तालिम ललितपुरको भैंसेपाटीस्थित प्रतिष्ठानको कार्यालयमा सञ्चालन हुने छ ।

पुरुष सहायक कामदारले तालिममा सहभागी हुन ७०० रूपैयाँ शुल्क बुझाउनुपर्ने प्रतिष्ठानले जनाएको छ । महिला सहायक कामदारका लागि भने तालिम निःशुल्क हुने सूचनामा उल्लेख छ । सरकारले इजरायलसँगको द्विपक्षीय श्रम सम्झौताबमोजिम इजरायलमा सहायक कामदार पठाउँदै आएको छ ।

क्रमशः पृष्ठ २ मा

# विपिनको रिहाइका लागि इजिप्टसँग आग्रह

**काठमाडौं (प्रस)–** प्यालेस्टिनी लडाकु समूह हमासको नियन्त्रणमा रहेका नेपाली युवा विपिन जोशीको रिहाइका लागि पहल गरिदिन परराष्ट्रमन्त्री डा. आरजु राणा देउवाले इजिप्टसँग आग्रह गरेकी छन् । उनले सोमबार इजिप्टका विदेशमन्त्री डा. बदर अब्देल-अतिसँग फोनवार्तामार्फत उक्त आग्रह गरेकी हुन् ।



इजरायल सरकार र हमासबीच शान्तिवार्ता र युद्धविराम भएपछि आफ्नो नियन्त्रणमा रहेका बन्दीहरूलाई हमासले आइतबारदेखि मुक्त गर्ने प्रक्रियाको थालनी गरेको छ । परराष्ट्रमन्त्री डा. राणाले पहिलो चरणमै विपिनको रिहाइका लागि पहल गरिदिन विदेशमन्त्री डा अब्देल अतिमार्फत इजिप्ट सरकारसँग आग्रह गरेकी हुन् ।

आफ्नो स्वास्थ्य उपचारका लागि बैंककमा रहेकी मन्त्री राणाले त्यहीँबाट इजिप्टका मन्त्रीसँग फोनवार्ता गरेकी थिइन् ।

क्रमशः पृष्ठ २ मा

## हार्दिक निमन्त्रणा

माननीय श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्री शरतसिंह भण्डारीज्यूको प्रमुख आतिथ्यता र श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयका श्रीमान् सचिवज्यू विशेष अतिथ्यतामा सञ्चालन हुने 'कानुनी/Ethical Recruitment सम्बन्धी कार्यशाला गोष्ठी' कार्यक्रममा उपस्थितिका लागि **हार्दिक निमन्त्रणा** गर्दछौं ।

**कार्यक्रम तालिका**

**मिति** : २०८१/१०/०८ गते ।
**समय** : बिहानको ठिक १०:०० बजे ।
**स्थान** : आनन्द इभेन्टस् मेनेजमेन्ट एण्ड मिटिङ, भिमसेनगोला, काठमाडौं ।

***नोट*** *: मिति २०८१/१०/८ गते उद्घाटन पश्चात Alphabetical A to N सम्म नाम भएका संस्थाका १ जना सञ्चालकहरूलाई प्रशिक्षण दिने र बाँकी संस्थाहरूलाई ९ गतेका दिन सञ्चालन गरिने जानकारी गराउदछौं ।*

**मेघनाथ भुर्तेल**
**महासचिव**

एवम्

**राजेन्द्र भण्डारी**
**अध्यक्ष**

**नेपाल वैदेशिक रोजगार व्यवसायी संघ**
सिफल–७, काठमाडौं, फोन नं. ०१–४५८९८६९/४५८४४१८

# ऐतिहासिक ब्रह्मा मन्दिरको शिलान्यास



**काठमाडौं (प्रस)-** जगवागेश्वरीस्थित ऐतिहासिक ब्रह्मा मन्दिर पुनर्निर्माणको काम सुरु भएको छ। मन्दिरको सोमबार शिलान्यास गरिएको छ। कामपन-८ जयवागेश्वरीस्थित गायत्री मार्गमा रहेको उक्त मन्दिर उत्खनन भएको स्थानमा वडाध्यक्ष आशामान संगतले शिलान्यास गरेका हुन्।

संगतका अनुसार यो मन्दिर हराएकै १०० वर्षभन्दा धेरै भएको थियो। यस स्थानमा झाडीमात्र थियो। पुरातत्त्व विभागको सहयोगमा उत्खननपश्चात् यसको प्राचीनताको अध्ययन गरिएको थियो। यसबाट मन्दिर छैटौं शताब्दीदेखि सातौं शताब्दीको बीचमा निर्माण भएको अनुमान गरिएको छ। 'मन्दिरको वनावट र प्रकृतिसम्बन्धी दस्तावेज नपाइएपछि हामीले जगको आकृति, प्रयोग भएको निर्माण सामग्रीका आधारमा पुरातत्त्वविदहरूबाट मन्दिरको रेखांकन गराएका हौं,' अध्यक्ष संगतले भने।

उनका अनुसार मन्दिरको मूर्ति वर्षौंदेखि गौशाला प्रहरी कार्यालयमा रहेको छ। प्रहरी कार्यालयबाट मन्दिरमा सार्न हतार भइसकेको उनले उल्लेख गरे।

सार्वजनिक खरिद प्रक्रियाबाट छानिएको निर्माण पक्षबाट मन्दिरको पुनर्निर्माण हुँदै छ। यसको लागत करिब एक करोड १५ लाख रूपैयाँ अनुमान गरिएको वडाध्यक्ष संगतले बताए। आउँदो वर्षको साउन २६ भित्र पुनर्निर्माण सम्पन्न गर्ने गरी कामको जिम्मा दिइएको उनले बताए। माटो, इँटा र काठको प्रयोगबाट निर्माण हुने मन्दिर दुई तलाको प्यागोडा शैलीको हुने बताइएको छ। मन्दिरमा शिरमा गजुर राखिने छ।

## पृष्ठ १ बाट क्रमशः

### रित्तो गाग्री...

सोही कार्यालयले ४१ वर्षसम्म धरानमा पानी वितरण गऱ्यो। वर्तमान प्रधानमन्त्री ओली नै प्रधानमन्त्री भएका बेला २०७७ साल फागुनमा संस्थान विघटन गरियो। धरान खानेपानी व्यवस्थापन बोर्ड गठन गरियो।

नगरबासीको पानीको समस्या दीर्घकालीन समाधान गर्न २०६८ सालमै एसियाली विकास बैंकको ऋण र अनुदानगरी दुई अर्ब १९ करोड रकम स्वीकारिएको थियो। उक्त रकममा ५० प्रतिशत अनुदान रकम थियो। उक्त रकमबाट पानीको भूमिगत स्रोत खोजेर समाधान गर्ने भनिएको थियो। सोहीअनुसार धरान बजार नजिक चारकोसे (तरहरा र धरानको बीच) जंगलमा चार र वडा नम्बर १७ मा तीन वटा गरी सातवटा भूमिगत इनारबाट पानी तानिएको धरानका उपमेयर अइन्द्रविक्रम बेघा बताउँछन्। उनका अनुसार प्रतिदिन एक करोड ५२ लाख लिटर पानी उत्पादन हुने गरेको छ। यो पानीको पनि व्यवस्थान गर्ने जिम्मेवारी बोर्डको छ।

धरानमा ३४ हजार ८३४ घर छन्। करिब २७ हजार घरधुरीमा बोर्डले पानी वितरण गर्दै आएको छ। तर, दुई करोड ५० लाख लिटरदेखि तीन करोड लिटरसम्म पानीको माग छ। बोर्डले सर्दु, खर्दु र तामाखाम जलाधार स्रोतबाट वर्षायामको असारदेखि पुस महिनासम्म दैनिक दुईदेखि तीन करोड लिटर र चारकोशे वनक्षेत्रमा गाडिएका चारवटा पम्पबाट ८० लाख लिटर पानी संकलन गर्छ। वर्षायाममा पर्याप्त पानी भए पनि माघदेखि जेठसम्म धरानमा पानीको हाहाकार हुन्छ। योबेला जलाधारबाट ४० देखि ६० लाख र पम्पबाट ८० लाख लिटर गरी जम्मा दैनिक एक करोड २० लाखदेखि एक करोड ४० लाख लिटर पानी बोर्डले वितरण गर्दै आएको जनाएको छ।

धरानको खानेपानी समस्या समाधानका लागि २०४० सालमा ब्रिटिसले सतहमुनिको पानीको सम्भावना खोज्न धरान १३, १५ र १८ नम्बर वार्डमा ड्रिलिङ गरेको थियो। अध्ययनले ती ठाउँको जमिनमुनिको पानी दीर्घकालीन नहुने निष्कर्ष निकालेको थियो। २०४३ सालमा चीनले गरेको एक सर्भेले धरानको तल्लो भेग चारकोशे झाडीमा अध्ययन गरेर ४० देखि ६० वर्षलाई पुग्ने पानी रहेको निष्कर्ष निकालेको थियो। त्यहाँबाट हाल संस्थानले चारवटा पम्पमार्फत सुख्खायाममा पानी तानिरहेको छ।

१० वर्षपछि २०५३ मा जापानी कम्पनीले सर्दु, खर्दु जलाधार क्षेत्रको अध्ययन गरेर अझै ४० देखि ६० वर्षसम्मलाई सतहको पानीले पुग्ने बताएको थियो थियो। त्यहाँबाट पनि हाल पानी आपूर्ति गर्ने गरिएको उपप्रमुख बेघाले बताए।

■■■

### अप्रवासीप्रति...

'अब अमेरिकाको स्वर्ण युग सुरु भयो। 'अमेरिका फस्ट' मेरो पहिलो नीति हुने छ,' शपथ ग्रहणपछि ट्रम्पले भने।

ट्रम्पले सम्बोधनमा न्यायको तराजुलाई पुनः सन्तुलित गरिने जनाए। 'डिपार्टमेन्ट अफ जस्टिस र सरकारको दुष्ट, हिंसात्मक र अनुचित हतियार' समाप्त हुने उनको भनाइ थियो। अब अमेरिका अरु समयभन्दा बलियो हुनेसमेत दाबी गरे। त्यसैगरी अमेरिकालाई महान बनाउन आफूलाई भगवान्ले बचाएकोसमेत उनको भनाइ थियो।

'अमेरिका अरु समयभन्दा ठूलो र बलियो हुने छ। मेक अमेरिका ग्रेट अगेन नीतिकै लागि मलाई भगवान्ले बचाउनुभयो,' राष्ट्रपति ट्रम्पले भने। पेन्सलभानियामा चुनावी प्रचारका क्रममा उनको कानमा गोली लागेको थियो।

#### मेक्सिकोको सीमाक्षेत्रमा संकटकाल

ट्रम्पले मेक्सिकोसँगको सीमाक्षेत्रमा राष्ट्रिय संकटकाल लगाउने घोषणा गरेका छन्। ट्रम्पको यो घोषणासँगै शपथग्रहण समारोहमा उपस्थितहरू उभिएर वाहवाहीसाथ ताली बजाएका थिए। शपथग्रहणपछिको पहिलो सम्बोधनमा ट्रम्पले सीमा समस्या समाधानका लागि संकटकाल घोषणा गर्ने बताएका हुन्। उनले सबै गैरकानुनी प्रवेश बन्द गरेर लाखौं कागजपत्रविहीनलाई देश निकाला गर्ने घोषणा गरेका छन्। 'गैरकानुनी रूपमा अमेरिका पसेका सबैलाई देश निकाला गर्ने छु,' ट्रम्पले भने। आपराधिक कार्यमा लागेकाहरूबाट यो अभियान सुरु हुने उनले बताएका छन्। ट्रम्पको देश निकाला अभियान कार्यान्वयनमा आएमा हजारभन्दा बढी नेपालीलेसमेत अमेरिका छाड्नुपर्ने बताइएको छ।

ट्रम्पले सन् २०१९ मा पनि सीमाक्षेत्रमा राष्ट्रिय संकटकाल घोषणा गरेका थिए। साथै ट्रम्पले दक्षिणी सिमानामा सेना पठाउने बताएका छन्। ट्रम्पले २०१९ मा राष्ट्रिय संकटकाल घोषणालाई आफ्नो सीमा पर्खाल निर्माणका लागि रकम प्रयोग गरेका थिए। उनी यसपटक सीमामा सेना तैनाथ गर्न चाहन्छन्। त्यसैगरी ट्रम्पले राष्ट्रिय ऊर्जा संकटकाल पनि घोषणा गरेका छन्।

■■■

### पूर्वप्रस्थान अभिमुखीकरण...

यसो गर्दा कसैले समय सच्याउन पाउँदैन, अहिले आइटीको दुरूपयोग हुँदै छ।'

#### तालिम प्रदायक संस्थाको अटेरी

विभागले गत पुस ३ गतेदेखि नयाँ तालिम लिनेहरूलाई अनिवार्य रूपमा आइरिस रिकग्निसन प्रणाली कार्यान्वयनमा ल्याउन निर्देशन दिएको थियो। जसअनुसार प्रत्येक दिन प्रत्येक पटकको हाजिर विभागको सूचना प्रणालीमा अपडेट गर्नुपर्छ। तर, कतिपय संस्थाले नियमित हाजिर पठाएको नदेखिएको विभागले जनाएको छ। विगतमा बायोमेट्रिक्स गर्दा चार पटकको हाजिर एकैचोटि पठाउने व्यवस्था थियो। आभिमुखीकरण प्रदायक संस्थाहरूले हाजिरी पठाउने पुरानै नियमलाई निरन्तरता दिएको देखिएको छ।

कतिपयले भने दुईवटा संस्थामा एउटै मेसिनको प्रयोग गरेकाले कुनैमा धेरै संख्यामा प्रशिक्षार्थी देखिँदा कतै भने नदेखिने समस्या भएको नेपाल वैदेशिक रोजगार अभिमुखीकरण व्यवसायी महासंघका अध्यक्ष राजाराम गौतम बताउँछन्। 'संस्था खोलेपछि आवश्यक सम्पूर्ण पूर्वाधार राख्नुपर्छ। तोकिएको नियम पालना नगर्नु भनेको नैतिक समस्या हो, आफैं सच्चिनुबाहेक विकल्प छैन। अटेरी गर्दा डण्डा खान तयार हुनुपर्छ,' उनी भन्छन्।

#### कार्यविधिमा के छ ?

अभिमुखीकरण तालिम सञ्चालन कार्यविधि २०७६ अनुसार, प्रत्येक प्रशिक्षण कक्षामा कम्तीमा ८४ इञ्चको दुईवटा 'स्मार्ट बोर्ड' हुनुपर्दछ। जुन कम्तीमा पनि एन्ड्रोइडको १३औं संस्करण, आठ जिबी र १२८ जिबीको हार्ड ड्राइभ हुनुपर्छ। साथै विभागको 'वैदेशिक रोजगार सूचना व्यवस्थापन प्रणाली'सँग मेल खाने रेटिना हाजिर मेसिन अनिवार्य हुनुपर्छ।

हाल मुलुकभर १४३ वटा संस्थाले अभिमुखीकरण तालिम दिँदै आएका छन्। यसअघि विभागको अनुगमनमा बायोमेट्रिक्स गर्दा कतिपयले अभिमुखीकरण लिनुपर्नेभन्दा फरक व्यक्तिको बायोमेट्रिक्स लिएको पाइएको थियो। त्यस्ता करिब ४८ वटा संस्थालाई कारबाही गरेर कारोबार रोकेको थियो।

कार्यविधिअनुसार विदेश जानुअघि प्रत्येक दिन छ घण्टाको दरले तीन दिनसम्म तालिम लिएर अनलाइन परीक्षामा कम्तीमा ५० अंक ल्याउनुपर्दछ। तोकिएको तालिम अवधि पूरा नगरी प्रमाणपत्र वा विद्युतीय हाजिर प्रदान गरे, अनुपस्थितलाई उपस्थित बनाएर नक्कली प्रमाणपत्र बनाइदिए, एउटाको ठाउँमा अर्कोले हाजिर गरिदिए, तोकिएबमोजिम भौतिक पूर्वाधार र प्रशिक्षक नभएको पाइए त्यस्ता संस्थाको अनुमति रद्द गर्ने व्यवस्था कार्यविधिमा छ।

■■■

### इजरायल जाने...

सहायक कामदारका रूपमा इजरायल जान छनोट भएका उम्मेदवारले स्वास्थ्य परीक्षणमा उत्तीर्ण भएपछि अनिवार्य पूर्वप्रस्थान अभिमुखीकरण तालिम लिनुपर्ने व्यवस्था छ। आकर्षक कमाइ हुने इजरायल नेपाली कामदारहरूको रोजाइमा पर्दै आएको छ। तर, सीमित कोटामा आउने मागका कारण थोरैले मात्रै त्यहाँ जाने अवसर पाउँछन्। गएको केही महिना द्वन्द्व चर्किएपछि सरकारले इजरायलमा कामदार पठाउन रोक लगाएको थियो। द्वन्द्व रोकिने देखिएपछि फेरि खुला गरिएको हो।

■■■

### विपिनको रिहाइ...

फोनवार्ताका क्रममा उनले इजरायल सरकार र हमासबीचको युद्धविरामका लागि इजिप्टले निर्वाह गरेको भूमिकाका लागि इजिप्ट सरकारलाई धन्यवाद दिएकी थिइन्।

इजिप्टका विदेशमन्त्री डा. अब्देल अतिले विपिनको रिहाइका लागि आफूले इजिप्टका मध्यस्थकर्तालाई विशेष निर्देशन दिने बताएको परराष्ट्रमन्त्री राणाको सचिवालयले जानकारी दिएको छ। इजरायल सरकार र हमासबीच युद्धविरामको कुराकानी भएदेखि नै मन्त्री डा राणाले हमाससँगको शान्तिवार्ताका लागि मध्यस्थता गरिरहेका कतार र इजिप्टसँग विपिन रिहाइका लागि विशेष पहल गरिदिन आग्रह गरिरहेकी छन्।

केही दिनअघि मन्त्री राणाले कतारका विदेश राज्यमन्त्री डा. मोहम्मद बिन अब्दुलाजिज अल-खुलाइफीसँग पनि फोनवार्ता गरी सोही आग्रह गरेकी थिइन्। खुलाइफी शान्तिवार्ताका प्रमुख वार्ताकार एवं मध्यस्थकर्ता हुन्।

त्यसैगरी मन्त्री राणाले इजरायलका विदेशमन्त्री गिडियन सारसँग पनि केही दिनअघि फोनवार्ता गरी हमासहरूले अपहरण मुक्त गर्न लागेका भनिएका व्यक्तिहरूको पहिलो चरणमै विपिनको रिहाइका लागि पहल गरिदिन विशेष आग्रह गरेकी थिइन्। विपिनको रिहाइका लागि नेपाल सरकारले गत वर्षदेखि नै कूटनीतिक प्रयास जारी राखेको छ। मन्त्री राणाले संयुक्त राष्ट्रसंघ, अन्तर्राष्ट्रिय एवं क्षेत्रीय मञ्च र बैठकहरूमार्फत विपिनको रिहाइका लागि आग्रह गर्दै आएकी छन्।

'अर्न एन्ड लर्न' कार्यक्रमअन्तर्गत इजरायल पुगेका कञ्चनपुरका विपिन झन्डै चार महिनादेखि हमासको बन्धनमा रहेको बताइएको छ। ७ अक्टोबर २०२३ मा इजरायलको गाजासीमा क्षेत्रमा हमास समूहले आक्रमण गर्दा १० जना नेपाली विद्यार्थीको मृत्यु भएको थियो। उक्त आक्रमणमा परी चार जना घाइते भएका थिए भने जोशीलाई हमास समूहले नियन्त्रणमा लिएर गाजातर्फ लगेको थियो। उनको अवस्था अझै अज्ञात छ। २०८० असोज २० गते विपिन परिवारको सम्पर्कमा छैनन्।

■■■


## युएइमा रोजगार

कम्पनी : PARAGON EMPLOYMENT SERVICES L.L.C

पूर्व स्वीकृति मिति : २०८१/१०/०६ LT. No. 316785 चलानी नं. ६०२३१५८४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव AED | ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Labouers | 100 | 0 | 800 | ३०,२०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ माघ १५ गते (28th Jan. 2025) मा हुनेछ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला।

श्रम ईजाजत नं. ११०८/०७३/०७४

Emerald Isle Nepal Pvt. Ltd. (GULMI OVERSEAS PVT LTD)
Purano Baneshwor-10, Kathmandu, Nepal. Tel- +977-014588542/4589323,
Email:- emeraldislenepal@gmail.com, info@einepal.comSS

## साउदीमा रोजगार

कम्पनी : Amlak Sohar Limited is a one-person company.

पूर्व स्वीकृति मिति : २०८१/१०/०६ LT. No. 317333 चलानी नं. ६०२३१६०६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव SR | ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Packaging Worker | 4 | 0 | 1000 | ३६,९६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ माघ १५ गते (28th Jan. 2025) मा हुनेछ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,०००/- | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

श्रम ईजाजत नं.११४२/०७३/०७४

Al Kausar Human Resource Pvt.Ltd. (Makawanpur Overseas Pvt. Ltd.)
Gairigaun - Tinkune, Kathmandu, Nepal Tel: +977 1 4442794, E-mail : alkausar.hrm@gmail.com

## साउदीमा रोजगार

कम्पनी : Saud Mohammed Saud Al-Rashdi Transportation Est.

पूर्व स्वीकृति मिति : २०८१/१०/०६ LT. No. 317289 चलानी नं.६०२३१५६७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव SR | ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Heavy Truck Drivers | 5 | 0 | 1800 | ६६,५३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : Smart Layers Establishment for General Contracting

पूर्व स्वीकृति मिति : २०८१/१०/०६ LT. No. 317358 चलानी नं.६०२३१५६६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव SR | ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Loading & Unloading Workers | 8 | 0 | 1300 | ४८,०५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ माघ १५ गते (28th Jan. 2025) मा हुनेछ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

GROWTH PROCESS INTERNATIONAL EMPLOYMENT PVT. LTD.
Basundhara–03, Kathmandu, Nepal Phone : +977-01-4383347,
E-mail: growth_processintl@yahoo.com, growthprocessintlemp@gmail.com
Govt. License 518/061/062

## कतार/युएइमा रोजगार

कम्पनी : Mantra Thakali Restaurent

पूर्व स्वीकृति मिति : २०८१/०२/२९ पुन विज्ञापन स्वीकृति मिति : २०८१/१०/०७ LT. No. 306279 चलानी नं. ६०२२०९८०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव QR | ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cooker | 1 | 0 | 1500 | ५६,९७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Waiter | 1 | 0 | 1400 | ५३,१७० | | | | | | | |

कम्पनी : BABA BABA FACILITIES MANAGEMENT SERVICES EST

पूर्व स्वीकृति मिति : २०८०/१२/१६ पुन विज्ञापन स्वीकृति मिति : २०८१/१०/०७ LT. No. 302760 चलानी नं. ६०२१७६०९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव AED | ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner | 20 | 5 | 1000 | ३७,७५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ माघ १५ गते (28th Jan. 2025) मा हुनेछ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

दियालो इन्टरनेशनल इम्प्लोएमेन्ट एजेन्सी प्रा. लि.
पो.ब. नं.: २०१९, सिनामंगल काठमाडौं, फोन नं. ०१-४५६०९२२, ४५६०६००, ईमेल : diyalointl@gmail.com, www.diyalo.com.np

## कुवेतमा रोजगार

कम्पनी : Combined Group Contracting Company

पूर्व स्वीकृति मिति : २०८१/१०/०३ LT. No. 317169 चलानी नं.६०२३१६०७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव KD | ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Driver (Light/Heavy) | 50 | 0 | 190 | ८५,४२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Labour | 100 | 0 | 95 | ४२,७१० | | | | | | | |

अन्तरवार्ता हुने स्थान:संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ माघ १४ गते (28th Jan. 2025) मा हुनेछ।

कम्पनी : Joy Cafe Restaurant Company

पूर्व स्वीकृति मिति : २०८१/१०/०३ LT. No. 317170 चलानी नं.६०२३१६०८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव KD | ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | DRIVER-LIGHT | 5 | 0 | 140 | ६२,९४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Waiter(Male) | 30 | 0 | 120 | ५३,९५० | | | | | | | |
| 3 | Waitress | 0 | 15 | 120 | ५३,९५० | | | | | | | |

अन्तरवार्ता हुने स्थान:संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ माघ १४ र १५ गते (28 & 29 Jan. 2025) मा हुनेछ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

KANCHAN HUMAN RESOURCES MANAGEMENT PVT. LTD.
(Nearby International Airport, Next to Hotel Hema) Sinamangal-9, Kathmandu, Nepal
Telephone: 014564708, Mobile: 9851078211, 9851080486
Govt. License 593/062/63



# Thori Rural Municipality
## Office of Rural Municipal Executive
### Ghyangdanda, Parsa
### Madhesh Province (Nepal)

# Invitations For Bids

***First Date of Publication: 2081/10/08 (21st January 2025)***

1. Thori Rural Municipality, Parsa Invites NCB From eligible bidders for the following works.

| S.N. | Contract Id No. | Project Name | Estimated Amount (Exclusive of VAT & Contingency) | Bid Security Amount | Bid Document Cost | Bid Validity Period/Security period from the last date of submission | Remarks |
|---|---|---|---|---|---|---|---|
| 1. | TRM/NCB/CTITC/01/2081/082 | Construction of Thori Information (IT) College, Thori-3 | 5177352.63 | 150000.00 | 3000.00 | 90/120 days | NCB |

**Further Information's to bidder:**

2. Eligible Bidders may obtain further information and inspect the bids Documents at the Thori Rural Municipality Office, Parsa or may visit PPMO website www.bolpatra.gov.np/egp.
3. Bidder who chooses to submit their bid electronically may purchase the hard copy of the bidding documents as mentioned above or may download the bidding documents for e-submission from PPMO's Web Site www.bolpatra.gov.np./egp,. Bidders, submitting their bid electronically, should deposit the cost (as specified above) of bidding document in the Project's Rajaswa (revenue) account as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids. Information to deposit the cost of bidding document in Bank:

| | |
|---|---|
| **Last date and time of Bid Submission** | BS 2081/11/09 (AD 2025/02/21) (Up to 12:00 Noon) |
| **Date, Time & Place of Bid Opening** | BS 2081/11/09 (AD 2025/02/21) at 2:00 pm at Thori Rural Municipality, Parsa |
| **Account No. for Bid Security Deposit** | The Bidder shall furnished a bid security, from commercial bank or authorized financial institutions valid for 30 days beyond the validity period of bid or deposit the bid security at **Rastriya Banijya Bank, Suwarnapur,** Account name: **Thori Ga. Pa.(Ga-1-1)** Account no.:***1910100301010002 (Antarik Rajaswa Khata)*** Account Name for bid security: **Thori Ga. Pa.(Ga-3-1)** Account No: **1910100303010002 (Dharauti Khata)** |

4. If the last date of purchasing and/or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
5. The Employer reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning any reason, whatsoever.

**Chief Administrative Officer**

सरकारलाई सर्वोच्चको परमादेश

# अवैध नदीजन्य पदार्थ उत्खनन तत्काल बन्द गराउनू

**काठमाडौं (प्रस)-** कानुनविपरीत खोला तथा नदीबाट उत्खनन भइरहेका रोडा, ढुंगा, गिट्टी, बालुवा उत्खनन तत्काल बन्द गराउन सर्वोच्च अदालतले सरकारका नाममा पाँचबुँदे परमादेश जारी गरेको छ ।

न्यायाधीशद्वय डा मनोजकुमार शर्मा र टेकप्रसाद ढुंगानाको संयुक्त इजलासले देशभर भइरहेको अवैध उत्खननमा संलग्नलाई कारबाहीको दायरामा ल्याइ तत्काल उत्खनन बन्द गर्न/गराउन परमादेश जारी गरेको हो । उक्त परमादेशमा नदीको संरक्षण गर्न एक छुट्टै नदीजन्य पदार्थ तथा प्राकृतिक स्रोत (उत्खनन तथा नियन्त्रण) ऐन तत्काल बनाइ लागू गर्न आदेश दिइएको छ ।

परमादेशमा भनिएको छ, 'छ वटै प्रदेशले तयार पारी लागू गरेको नदीजन्य पदार्थ (संकलन र उपयोग) सम्बन्धमा व्यवस्था गर्न बनेको कार्यविधि, २०७५, नेपाल सरकारले ढुंगा, गिट्टी, बालुवा उत्खनन, बिक्री तथा व्यवस्थापनसम्बन्धी मापदण्ड, २०७७ समेत कार्यविधि र मापदण्ड प्राकृतिक स्रोत संरक्षण गर्नका लागि नदीको संरक्षण गर्न एक छुट्टै नदीजन्य पदार्थ तथा प्राकृतिक स्रोत (उत्खनन तथा नियन्त्रण) ऐन तत्काल बनाई लागू गर्नू ।'

देशभरका खोला तथा नदीमा भएको अवैध उत्खनन रोक्न माग गर्दै सर्वोच्च अदालतमा रिट निवेदन दर्ता भएका थिए । सोही रिट निवेदनमाथिको सुनुवाइपछि सर्वोच्च अदातले उक्त परमादेश जारी गरेको हो ।

अदालतले ढुंगा, गिट्टी, बालुवा उत्खनन, बिक्री तथा व्यवस्थापनसम्बन्धी मापदण्ड २०७७ को दफा १७ मा नदीजन्य पदार्थको उत्खनन गरिने स्थानको लम्बाइ-चौडाइ तथा गहिराइसहितको चार किल्ला उत्खनन गर्ने अवधि र समय, प्रयोग गरिने साधनसमेत जानकारीसहित उत्खननस्थलमा सूचना पाटी अनिवार्यरूपमा मिलाउनुपर्ने छ भन्ने व्यवस्था भएता पनि हालसम्म स्थलगत अध्ययनबाट सूचनापाटी राखेको नदेखिएकाले कार्यस्थलमा सूचनापाटी अनिवार्य राख्नु र सोको अनुगमनसमेत गर्नू भनी विपक्षीको नाममा परमादेश जारी गरेको छ ।

# तामाङ भाषाको यान्त्रिक शब्दकोष बन्दै




**काठमाडौं (प्रस)-** तामाङ भाषालाई नेपाली र अंग्रेजीमा यान्त्रिक अनुवादका लागि प्रारम्भिक अन्तरक्रिया सम्पन्न भएको छ । काठमाडौं विश्वविद्यालयको कम्प्युटर विज्ञान तथा इञ्जिनियरिङ विभागको इन्फरमेसन एन्ड ल्याङ्ग्वेज रिसर्च ल्याब (आइएलपिआरएल)ले सोमबार यस विषयमा अन्तरक्रिया गरेको हो ।

विभागका प्रमुख प्राध्यापक डा. बालकृष्ण बलले 'इम्पावरिङ इन्फरमेसन एक्सेस राइट्स- डेभलोपिङ अ ट्रिलेंग्वेएल मेसिन ट्रान्जिसन सिस्टम फर इंगलिस, नेपाली एण्ड तामाङ' विषयमा प्रस्तुति दिँदै यान्त्रिक परियोजनाबारे जानकारी दिएका थिए । ललितपुरस्थित बालकुमारीमा रहेको केयूको स्कुल अफ मेनेजमेन्टको हलमा सोमबार प्रस्तुति दिँदै प्रा.डा. बलले सुरुमा एक लाख तामाङ शब्द, एक लाख नेपाली शब्द र एक लाख अंग्रेजी शब्द गरी तीन लाख शब्दको यान्त्रिक शब्दकोष तयार पारिने बताए । विभिन्न चरणमा परीक्षण गरी सरल र साझा शब्दहरूलाई प्रयोगमा ल्याउने गरी काम सुरु गरिने उनले बताए ।

गुगलको अनुदानमा सुरु भएको अनुवाद परियोजना आउँदो डिसेम्बर २०२५ सम्ममा सम्पन्न हुने आयोजकले जनायो । यसैगरी यो परियोजनाका लागि त्रिभुवन विश्वविद्यालय र काठमाडौं विश्वविद्यालयकोसमेत सहयोग रहेको प्रा.डा. बलले बताए ।

कार्यक्रममा सहभागीहरूले तामाङ भाषाका लागि यान्त्रिक अनुवाद निकै उपयोगी हुने उल्लेख गर्दै तामाङ समुदायमा रहेको भाषाको विविधतालाई समेत समेट्न आग्रह गरेका थिए ।


## युएईमा रोजगार — कम्पनी : SKY LIWA TECHNICAL SERVICES CO. L.L.C

पूर्व स्वीकृति मिति : २०८१/१०/०६ | LT. No. 317385 | चलानी नं. ६०२३१६०१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | A/C Central Technician | 1 | 0 | 1600 | ६०,४१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Plumber | 3 | 0 | 1400 | ५२,८६० | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ माघ १५ गते (28th Jan. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्होर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्होर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्होर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्होर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**OZONE OVERSEAS SERVICE PVT. LTD.**
Airport, Kathmandu, Nepal, Tel No. 01-5918794, 9801041129
E-mail : info@ozoneoverseas.com, ozoneoverseasnepal@gmail.com, Web: www.ozoneoverseas.com
श्रम ईजाजत नं. ४४८/०६०/०६१



## अधिकतम खुद्रा बिक्री मूल्य (MRP) प्रकाशनको सूचना

यस फर्म कम्पनीले इन्डियाबाट पैठारी गरेको दोहायको मालबस्तुहरूको अधिकतम खुद्रा बिक्री मूल्य (MRP) निम्न बमोजिम भएको व्यहोरा सर्वसाधारण जानकारीका लागि प्रकाशन गरिएको छ ।

**तपशिल**

| S.N. | Product | Brand | Model | Origin of Country | Unit | Rate | Capacity | Total MRP | Remarks |
|---|---|---|---|---|---|---|---|---|---|
| 1 | AC | Konka | KAC-12INV | India | PCS | NPR | 1 Ton | 54,000 | |
| 2 | AC | Konka | KAC-18INV | India | PCS | NPR | 1.5 Ton | 72,000 | |
| 3 | AC | Konka | KAC-24INV | India | PCS | NPR | 2 Ton | 90,500 | |

**बिक्रेताको फर्मको नाम: Saurabh Photo International** | **स्थायी लेखा नं: 300050271**
**ठेगाना: Neupane Tower, Tinkune, Subidhanagar** | **फोन नं: 01-4111630**



## युएइमा रोजगार — कम्पनी : A R C Electromechanical Contracting Co

पूर्व स्वीकृति मिति : २०८१/१०/०६ | LT. No. 317292 | चलानी नं. ६०२३१५७६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Assistant Electrician | 1 | 0 | 1000 | ३७,७५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Assistant Plumbers | 1 | 0 | 1000 | ३७,७५५ | | | | | | | |
| 3 | Carpenter/gypsum Carpenter | 1 | 0 | 1200 | ४५,३०५ | | | | | | | |
| 4 | Cleaner (Male) | 1 | 0 | 800 | ३०,२०५ | | | | | | | |
| 5 | Electrician /electric | 1 | 0 | 1200 | ४५,३०५ | | | | | | | |
| 6 | Industrial & Marine Electrician | 1 | 0 | 1200 | ४५,३०५ | | | | | | | |
| 7 | Plumber /pipe Fitter | 1 | 0 | 1200 | ४५,३०५ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ माघ १५ गते (28th Jan. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्होर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्होर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्होर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्होर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Paradeshi Overseas Services Pvt. Ltd.**
Kathmandu Metropolitan-7, Mitrapark Umakunda Marga, Nepal, Tel: +01-5914513
Email: info@paradeshioverseas.com.np & paradeshiservices@gmail.com, Website: www.paradeshioverseas.com.np
Govt. License 387/059/060



## युएईमा रोजगार — कम्पनी : POWER RECRUITMENT LLC

पूर्व स्वीकृति मिति : २०८०/१२/१५ | पुन विज्ञापन स्वीकृति मिति : २०८१/१०/०७ | LT. No. 302695 | चलानी नं. ६०२१७५३०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | MASON | 8 | 0 | 1200 | ४५,३०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | shuttering carpenter | 50 | 0 | 1200 | ४५,३०५ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ माघ १५ गते (28th Jan. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्होर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्होर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्होर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्होर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**SAGARMATHA OVERSEAS PVT.LTD.**
Anamnagar 29 Kathmandu, Nepal Tel +977-01-5913446,
E-mail: Sagarmathaoverseas2023@gmail.com
Govt. License 1601/079/080



## युएइमा रोजगार — कम्पनी : KCJ LANDSCAPING CO. LLC

पूर्व स्वीकृति मिति : २०८१/१०/०६ | LT. No. 317321 | चलानी नं. ६०२३१६००

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Helper | 5 | 0 | 1000 | ३७,७५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Mason (Nepal) | 6 | 0 | 1200 | ४५,३०५ | | | | | | | |
| 3 | Welder general | 2 | 0 | 1200 | ४५,३०५ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ माघ १५ गते (28th Jan. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्होर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्होर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्होर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्होर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**SONY INTERNATIONAL REQIDMENTS SERVICES PVT.LTD.**
Gausala-9 Pingalasthan, Kathmandu, Nepal,Tel: +977-1-442271
श्रम ईजाजत नं. १२८९/०७४/०७५



## Mauritius मा रोजगार — कम्पनी : BEST STEEL CONSTRUCTION LTD

पूर्व स्वीकृति मिति : २०८१/१०/०६ | LT. No. 307566 | चलानी नं. ६०२३१२११

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब MUR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Carpenter | 10 | 0 | 16500 | ४८,७६३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | MASON | 25 | 0 | 16500 | ४८,७६३ | | | | | | | |
| 3 | STEEL FIXER | 15 | 0 | 16500 | ४८,७६३ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ माघ १४ गते (27th Jan. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्होर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्होर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्होर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्होर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**INTERNATIONAL TRADE LINKS NEPAL PVT.LTD.**
KMC-4, Dhumbarahi, Kathmandu, Nepal, Tel: +977-1-4970669
E-mail : info@itlnepal.com, nir@itlnepal.com, Web: www.itlnepal.com
Govt. License No. 706/064/065



## MAURITIUS मा रोजगार — कम्पनी : Best Steel Construction Ltd

पूर्व स्वीकृति मिति : २०८१/०४/०१ | पुन विज्ञापन स्वीकृति मिति : २०८१/१०/०७ | LT. No. 307566 | चलानी नं. ६०२२२२७६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब MUR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Carpenter | 10 | 0 | 16500 | ४८,८६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Mason | 25 | 0 | 16500 | ४८,८६० | | | | | | | |
| 3 | Steel Fixer | 15 | 0 | 16500 | ४८,८६० | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ माघ १५ गते (28th Jan. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्होर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्होर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्होर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्होर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**INTERNATIONAL TRADE LINKS RECRUITMENT PVT. LTD.**
(The Centre Overseas Pvt. Ltd.(THE CENTER OVERSEAS CONCERN PVT.LTD))
Basundhara, Ktm, Nepal, Tel : +977-1-4985474, 4985586, Fax: +977-1-4385806
श्रम ईजाजत नं. ०९५/०५३/०५४


## Sudurpaschim Province Government
## Ministry of Social Development
# Education Development Directorate
**Rajpur, Dipayal, Doti**

## Invitation for Electronic Bids

**First Date of publication: 2081/10/08 (2025 January,21)**
**Last date & time of Bid Submission: 2081/11/09 12:30 PM (21 February, 2025)**
**Bid Opening Date & Time: 2081/11/09 13:00 (21 February, 2025)**

1. Education Development Directorate, Rajpur, Dipayal, Doti invites electronic bids through eGP-System from Nepalese eligible bidders for the following works under National Competitive Bidding procedures.

| S. N. | IFB No/ Contract No. | Works Description | Bid Document Fee | Bid Validity | Bid Security and Validity | Estimated Amount (Excluding VAT, Contingencies) |
|---|---|---|---|---|---|---|
| 1 | EDD/NCB/ WORKS/ 2081/82-01 | Construction of School Building Block A in Kanti Rajya Laxmi Ma Vi Ghodaghodi Municipality-10 Pahalmanpur kailali | NRs. 3000 | 90/120 Days | NRs. 2,50,000 | NRs. 9328054.92 |
| 2 | EDD/NCB/ WORKS/ 2081/82-02 | Construction of school Building for Himalaya Ma Vi safebagar Municipality-04 Achham | NRs. 3000 | 90/120 Days | NRs. 2,80,000 | NRs. 1,05,99869.86 |
| 3 | EDD/NCB/ WORKS/ 2081/82-03 | Construction of School Building in Mahendra Ma Vi Khalanga Mahakali Municipality-04 Darchula | NRs. 3000 | 90/120 Days | NRs. 3,30,000 | NRs. 1,29,47,328.35 |

2. Bank Details for Bid Document fee: - Bank: Rastriya Banijya Bank Ltd., Dipayal Doti Barnch, Office: Education Development Directorate,Rajpur, Dipayal, Doti , Office Code no.: 3500171017, Account no.: 1000100200010000, Rajaswa (revenue) Shirshak no.: 14229 and For Bid Security: - Account Name: Province Account Unit office Doti Dharauti Account No: 4100100202030000
3. Eligible Bidders bids through www.bolpatra.gov.np/egp system only and for more details, please visit PPMO website www.bolpatra.gov.np/egp or the office of Education Development Directorate,Rajpur, Dipayal, Doti Email: rdfwred@gmail.com, Phone no.: 9858480310, 9849673616, 094-440309, 094-440135

**Durga Datt Bist**
**Director General**


## युएइमा रोजगार — कम्पनी : BGC INTERNATIONAL GENERAL CONTRACTING - L.L.C

पूर्व स्वीकृति मिति : २०८१/१०/०६ | LT. No. 317359 | चलानी नं. ६०२३१६०५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Labour | 18 | 0 | 800 | ३०,२०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : Aseer Time Al Kuwait Restaurant - Sole Proprietorship Llc

पूर्व स्वीकृति मिति : २०८१/१०/०६ | LT. No. 317366 | चलानी नं. ६०२३१६०४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Juice Makers | 10 | 0 | 1300 | ४९,०८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Kitchen Helper | 10 | 0 | 1300 | ४९,०८५ | | | | | | | |
| 3 | Male Cleaner | 17 | 0 | 800 | ३०,२०५ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ माघ १५ गते (28th Jan. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्होर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्होर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्होर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्होर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**FRONTLINE RECRUITMENT PVT.LTD.**
Sinamangal-9, Kathmandu, Nepal, Telephone: 01-4593645, 4593646, 4593647, Mob: 9851100134, 9818819581, 9804705263, Email: info@manpoweragencynepal.com
Govt. License 886/067/068



## युएइमा रोजगार — कम्पनी : AMAFH EMPLOYMENT SERVICES L.L.C

पूर्व स्वीकृति मिति : २०८१/०५/३० | पुन विज्ञापन स्वीकृति मिति : २०८१/१०/०७ | LT. No. 310862 | चलानी नं. ६०२२५३९४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Stone Mason | 4 | 0 | 1200 | ५४,९६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Painter Assistant | 2 | 0 | 1200 | ५२,७७० | | | | | | | |
| 3 | Painter (building/wall) | 2 | 0 | 1200 | ५२,७७० | | | | | | | |
| 4 | Insulation Labor | 2 | 0 | 1200 | ५२,७७० | | | | | | | |
| 5 | Electricians-GCC Exp. | 3 | 0 | 1200 | ५२,७७० | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ माघ ११ गते (24th Jan. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्होर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्होर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्होर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्होर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**PREMIUM HUMAN RESOURCE**
Samakhusi-3, Kathmandu, Tel: 5917815, 5917814, 9851230753, Email: hr@premiumhr.com.np, Web: www.premiumhr.com.np
Govt. License 1631/080/081


# Chaurpati Rural Municipality
**Chaurpati, Achham**

## Invitation of Bids for the Procurement of Works

**First date of publication:- 2081/10/08 Jan-21, 2025**

A Complete set of Bidding Documents and further information can Inspected visiting the PPMO'S website www.bolpatra.gov.np/egp.

| S.N. | Contract No | Description of works | Estimated Amount (Exclusive of Ps, Contingency & VAT) | BID Security Amount (NRs.) | BID Document Price (NRs. ) |
|---|---|---|---|---|---|
| 1. | CRM/ACHHAM/ NCB/W/R1/ 001/2081-082 | Construction of Birkhamma Chirkitte Hudaie Chaupaya Road Chaurpati 7, 3, 2 Achham | 1,69,41,752.76 | 4,26,000.00 | 3,000.00 |

**Chief Administrative Officer**

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

# राष्ट्रिय परिचयपत्रको नाममा सास्ती नदेऊ

सरकारले सार्वजनिक सेवा लिनका लागि राष्ट्रिय परिचयपत्रलाई अनिवार्य बनाएको छ । यसविरुद्ध परेको रिटलाई आइतबार सर्वोच्च अदालतले खारेज गरेसँगै सरकारको निर्णय कार्यान्वयनको बाटो खुलेको हो । सरकारले सामाजिक सुरक्षाभत्ता, सिम कार्ड, बैंक खाता एवं सबै सार्वजनिक सेवा लिन राष्ट्रिय परिचयपत्र अनिवार्य गर्ने निर्णय गरेसँगै त्यसविरुद्ध अधिवक्ता रामबहादुर राउत र विमल पोखरेलले रिट दायर गरेका थिए । उक्त रिटमा सुनुवाइ गर्दै न्यायाधीशहरू मनोजकुमार शर्मा र तिलप्रसाद श्रेष्ठको संयुक्त इजलासले राष्ट्रिय परिचयपत्र अनिवार्य नगर्न अन्तरिम आदेश जारी गरेको थियो ।

उक्त आदेशविरुद्ध सरकारले राष्ट्रिय परिचयपत्र कार्यान्वयन हुँदा सामाजिक सुरक्षाभत्ताको नियन्त्रण गर्न सहज भएको, व्यक्तिको पहिचानमा एकरूपता भएको, अपराधमा संलग्नको पहिचानमा सहयोग भएकोलगायतका आधार देखाउँदै अन्तरिम आदेश र रिट दुवै खारेजीको मागसहित 'भ्याकेट' निवेदन दर्ता गराएको थियो । सरकारले २४ जेठ २०८१ को मन्त्रिपरिषद् बैठकबाट पहिलो चरणमा २८ जिल्लामा साउन १ बाट लागू हुनेगरी सामाजिक सुरक्षाभत्ता नवीकरण गर्न राष्ट्रिय परिचयपत्र अनिवार्य गर्ने निर्णय गरेको थियो । यसलाई विस्तार गर्दै दोस्रो चरणमा २०८१ माघ १ बाट थप ३८ जिल्लामा अनिवार्य गर्ने तयारी सरकारको थियो । २०८२ साउन १ पछि भने ७७ वटै जिल्लामा सामाजिक सुरक्षाभत्ता लिन राष्ट्रिय परिचयपत्र अनिवार्य हुने निर्णय गरिएको थियो ।

तर सर्वोच्च अदालतको उक्त आदेशपछि राष्ट्रिय परिचयपत्र अनिवार्य गर्ने सरकारको निर्णय अन्योलमा परेको थियो । आइतबार पूर्ण इजलासले रिट खारेज गर्ने फैसला सुनाएसँगै सरकारलाई राष्ट्रिय परिचयपत्र अनिवार्य गर्ने बाटो खुलेको छ । सर्वोच्चले रिट खारेज गर्दै निर्देशनात्मक आदेश जारी गर्ने फैसला सुनाए पनि फैसलाको पूर्ण विवरण भने सार्वजनिक गरिएको छैन ।

सर्वोच्चले रिट खारेज गरेर कार्यान्वयनको बाटो खोले पनि महिनौंसम्म परिचयपत्र लिन सास्ती बेहोर्नुपर्ने बाध्यता उस्तै छ । योसँगै कामकाजमा प्रयोग हुने नागरिकता प्रयोगविहीन हुने भएको छ । सरकारले कुनै पनि कार्यक्रम ल्याउँदा नागरिकलाई बुझाउन नसक्दा यस्ता कार्यक्रमहरू सफल हुन सकिरहेको छैन । अझ सरकारी ढिलासुस्ती, एकैछिनमा प्रिन्ट हुने कार्डका लागि महिनौं कुर्नुपर्ने बाध्यताका कारण नागरिक रुष्ट बनेका हुन् । यस्तो विषयमा सरकारले सम्बोधन गरे पक्कै पनि सरकारी कार्यक्रम सफल हुँदै जाने छ । राष्ट्रिय परिचयपत्र नागरिकका लागि अर्को सास्तीको कारण नबनोस् ।

## श्रम सरोकार

### के हो 'टेलिमेडिसिन' सेवा ?

घरमै बसेर टेलिफोन या 'भर्चुअल' माध्याध्यमको प्रयोगबाट चिकित्सकसँग सम्पर्क गरी लिइने स्वास्थ्य उपचार सेवा नै टेलिमेडिसिन हो । टेलिमेडिसिनमार्फत समयमै स्वास्थ्य समस्या समाधान गर्न सकिन्छ । वैदेशिक रोजगारीमा रहेका नेपालीहरूका लागि यो बढी उपयोगी हुनसक्छ । यही कुरालाई मध्यनजर राख्दै सरकारले वैदेशिक रोजगारीमा रहेका नेपालीलाई लक्षित गरी टेलिमेडिसिन सेवा सञ्चालन गर्दै आएको छ । श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयअन्तर्गतको वैदेशिक रोजगार बोर्ड सचिवालयले यो सेवा सञ्चालनमा ल्याएको हो । २०७९ चैत १५ गतेदेखि वीर अस्पतालसँगको सहकार्यमा टेलिमेडिसिन सेवा सञ्चालनमा छ ।

### कसरी लिने सेवा ?

जुनसुकै देशमा रहेका नेपालीले भाइबर, ह्वाट्सएप वा इमोमार्फत फोन गरी आफ्नो स्वास्थ्य समस्या राख्न सक्छन् । स्वास्थ्य सेवा लिन उनीहरूले सार्वजनिक बिदाको दिनबाहेक नेपाली समयानुसार बिहान १० देखि बेलुका ५ बजेसम्म सम्पर्क गर्नसक्ने व्यवस्था गरिएको छ । सेवा प्रवाहमा खटिएका मेडिकल अधिकृतले फोनमार्फत नै कामदारको स्वास्थ्य समस्या र जिज्ञासा हल गर्ने प्रयास गर्छन् । मेडिकल अधिकृतले समाधान गर्न नसक्ने स्वास्थ्य समस्या भएमा बिरामीलाई विशेषज्ञ डाक्टरबाटै समस्या समाधानका लागि परामर्श दिइन्छ । जटिल स्वास्थ्य समस्या भएका बिरामीले प्रत्येक हप्ता आइतबार र शुक्रबार विशेषज्ञ सेवा लिनसक्छन् ।

### यस कारण उपयोगी

विदेशमा रहेका नेपालीहरूलाई समय, स्थान र आर्थिक कठिनाइजस्ता कारणले गर्दा नियमित स्वास्थ्य जाँच गराउन समस्या पर्न सक्छ । टेलिमेपडसिनको माध्यमबाट आफ्नो अनुकूल समयमा घरमै बसीबसी सीधै डाक्टरसँग कुरा गर्न सकिन्छ । यसो गरे कामदारले आफ्नो स्वास्थ्य समस्याको समयमै उपचार गराउन सक्छन् । टेलिमेडिसिनको प्रयोगले समय र खर्चको बचत हुन्छ । विदेशमा गैरकानुनीरूपमा रहेका नेपाली श्रमिकहरूले यो सेवाबाट बढी लाभान्वित सक्छन् ।

यो सेवा लिन चाहने नेपाली श्रमिकले मोवाइल नम्बर ९८५१३४५७०१ र ९८५१३४५७०२ को भाइबर, ह्वाटस एप वा इमोलगायतका सामाजिक सञ्जालबाट फोन गर्न सक्ने छन् । यो सेवा पूर्णतः निःशुल्क रहेको छ ।

# पानीको रङसँगै बद्लिँदा



■ कमला न्यौपाने

प्रायः सबै कविताले मेरै मनका कुरा बोलेझैं लाग्यो र आफ्नै कथा भेटेझैं लाग्यो । प्रायः परदेशीहरूको कथा एउटै, व्यथा एउटै भनेजस्तै अभिव्यक्ति गर्ने तरिका फरक परेको हुने रहेछ । कविताभरि मैले मेरो बा भेटैं, मेरी आमा भेटैं, मेरो आफ्नै सन्तान भेटैं र मेरो सिंगो गाउँघर भेटैं, आफ्नो माटो भेटैं र हृदयबाटै पढैं ।

२०२४ डिसेम्बरको महिना बाहिर चिसो थियो । घामको किरण सिसाको झ्यालबाट छिर्दा घरभित्र भने न्यानो थियो । म त्यहीँ न्यानो झ्यालमा बसेर चियाको चुस्की लिँदै थिएँ । टुप्लुक्क ऋषि बस्ताकोटीको कविता संग्रह 'पानीको रङ' उपहारस्वरूप घरमै आइपुग्यो । ऋषिका कविताका म फ्यान नै थिएँ । चियाको चुस्कीमा केही कविता पढ्ने इच्छा थियो । पूरा भयो । कविले कस्तो मनकै कुरा बुझेको जस्तो पनि लाग्यो । तुरुन्तै किताब पढ्न सुरू गरिहालैं । पानी जेमा राख्यो त्यसैको रङ र आकार लिएझैं म पनि पानीको रङ भएँ र कवितासँगै मेरो मनको आकार बद्लिन लागें र बद्लिँदै रंगिँदै पढिरहें ।

प्रायः सबै कविताले मेरै मनका कुरा बोलेझैं लाग्यो र आफ्नै कथा भेटेझैं लाग्यो । प्रायः परदेशीहरूको कथा एउटै, व्यथा एउटै भनेजस्तै अभिव्यक्ति गर्ने तरिका फरक परेको हुने रहेछ । कविताभरि मैले मेरो बा भेटैं, मेरी आमा भेटैं, मेरो आफ्नै सन्तान भेटैं र मेरो सिंगो गाउँघर भेटैं, आफ्नो माटो भेटैं र हृदयबाटै पढैं ।

पानीको रङ संगालो हो । दुईटा हाइड्रोजन र एउटा अक्सिजनको मिश्रण पानी हो । जेमा पर्‍यो या मिसियो त्यस्तै रङ र आकार देखिन्छ पानी । हो यो किताबभरि कविले आफ्नो जीवनका उतारचडावलाई पानीजस्तै झल्काएका छन् । मनभित्र गुम्सिएको आक्रोश र समाजका विसंगतिहरूलाई विभिन्न विम्ब बनाइएको छ । कविताभरि आफ्नो मनको बह बगेको छ । जसले गर्दा मनभित्रका बोझिला कुराहरूबाट स्वतन्त्र भएको महसुस गर्न सकिन्छ ।

सहिदले पसिना र रगत बगाएर ल्याएको परिवर्तन, नेताहरूको बद्लिएको राजनीतिसँग असन्तोष भएर लेखिएको कविता झिँगा, किर्ना, भ्यागुताहरू हुन् । जसले राजनीति र नेताहरूलाई धारिलो प्रहार गरेको छ । साँढेजस्ता नेताहरूको रजाइँको चपेटामा परेका बाच्छाहरूको दुखेसो, गाउँको बाटो, फूलमाया, चेपे खोला, म्यादी माइला, सूर्यबहादुर तामाङ, रामप्रसाद, हामी बलरामहरू जस्ताको हृदय छुने कविताले मुटु कुटुक्क बनाए । प्रवासमा बसेर कविता लेखेको भएर पनि कविले घरदेशको अनुभवलाई राम्रोसँग संग्रहभरि नै उतारेको पाएँ ।

यस संग्रहमा मलाई विशेष लागेका अन्य केही कविताहरू हेरौं । 'पहिरो' पहाडमा मात्र आउने हैन यो जीवनमै पनि आउँछ र आइरहन्छ । पहिरो आयो भन्दैमा सबै सकिने हैन जीवन त चलि नै रहन्छ । जीवनको लक्ष्य नछोडी, आशा र भरोसाका साथ हिँडिरहनु पर्ने छ । आफूलाई समयमै सम्हाल्न सकेमात्र जीवनमा आउने पहिरोबाट जोगिन सकिन्छ भन्ने भावको यो कविता एक प्रेरणादायी सशक्त कविता लाग्यो ।

'बादलका बुट्टाहरू'मा कवि आफ्नो बाल्यकाललाई सम्झेर लेखेको एउटा भावुक कविता हो । हजुरआमाहरूले बादलका बुट्टासँगै बुनेका दन्त्यकथाहरू वास्तवमा आजभोलि जीवनमा घट्ने घटनाहरूसँग मिल्दोजुल्दो कविलाई लागेको यथार्थ चित्रण गरिएको कविता हो ।

आफ्नै गाउँको 'चेपे खोला'लाई विम्व बनाइएको छ । अनेकन बाध्यताले मानव श्रम र सिर्जना आज खोलाझैं बगेको छ । 'सिर्जनाको एउटा नफर्कने जवानी बगेको छ' । सिर्जनशील जनशक्तिको पसिनाले विदेशलाई सिञ्चाएका छन् र गुराँस फूलेझैं विदेशका डाँडाकाँडा फुलाएका छन् । तर आफ्नै भूमिमा ती पौरख फुलाउन नसकेकोमा कविको दुखेसो पोखेको यो कविताले जो कोही परदेशीको हृदय छुन्छ ।

'गतिशीलता' जीवनको सर्वतः सत्य हो । जीवनमा उतारचाडव आइनै रहन्छ तर स्थिर भएर लक्ष्य छाड्न भएन भन्ने एक सन्देशमूलक गतिशीलता कविता सुन्दर र सरल कविता हो । आफ्नो बाबुलाई सम्झेर लेखेका कविताहरू (मेरा बा र बाको जुत्ता) कवि आफ्नो जीवन अघि बढाउन अभिभावकको देनलाई कविताहरूमा अभिव्यक्ति गरिएको छ । अभिभावकहरूको संघर्षले गर्दा आज आफू अघि बढेको र जीवन सहज बनेको तर बाबुको जीवन सहज थियो त ? भन्ने प्रश्न गर्दै एक आदर्श छोराको चिन्तन यी कविताहरूमा भेटिन्छ ।

त्यस्तै 'मेरो छोरा'मा अभिनवजस्तो छोराले प्रगति गरेर धेरै अगाडि बढेको देख्ने चाहना सबै अभिभावकलाई हुन्छ । तर सन्तानले आफ्नो धरातल छोड्ने हुन् कि भन्ने चिन्ता पोखिएको गहन




सन्देश दिएको सुन्दर कविता हो जुन आजका धेरै परदेशिएका अभिभावकहरूको चिन्ताको विषय पनि हो जस्तो लाग्छ । 'जिन्दगीमा' कविताबाट मलाई मन परेको पंक्ति :

*जिन्दगीमा*
*प्रहार आउँछन्*
*र त तिनले सतिसालझैं उभिन सिकाउँछन्,*
*हारहरूले हान्छन्*
*र त तिनले जिन्दगीमा जित्न सिकाउँछन्,*
*एकपछि अर्को जंघार आउँछन्*
*र त जुक्तिले ती जंघार तर्न सिकाउँछन् ।*
*बाधाहरूले घरी-घरी*
*आधा-आधा त पार्छन् नै यो मनलाई*
*तर पनि तिनले*
*आखिर केही न त केही त गर्न सिकाउँछन् ।*

यो सुन्दर पंक्तिले जीवनमा आउने अवरोधहरूबाट नै संकट पार गर्न सिकिन्छ । जीवनका उतारचडावको उपलब्धि नै आफू मजबुत् भएर उभिनु हो । आखिरमा जंघार तर्न यिनै जीवनको उतारचाडवले सिकाएको हुन्छ । जीवनको गहिरो मर्मलाई यो छोटो कवितामा कलात्मक तरिकाले व्यक्त गरिएको छ ।

अर्को छोटो मिठो कविता 'भऱ्याङ एक शब्दचित्र'ले सिंगो जीवनको दर्शन बोलेको मैले पाएँ । भऱ्याङ एउटा निर्जीव वस्तु हो जसले पर्दा महत्त्वपूर्ण काम गर्छ, पुज्यनीय हुन्छ, नभई नहुने हुन्छ तर नचाहिँदा केवल काठको मुढाजस्तो एक कुना थन्किन्छ । जब कोही चड्दै छन् उनीहरूका लागि यो सर्वस्व हुन्छ । तर चढिसकेपछि भने भऱ्याङको केही काम हुन्न । यो कविताले चतुर नेताहरूले जनतालाई कसरी उपयोग गरिआएका छन् भन्ने कुराको संकेत गरेको छ ।

'यसपालिको युद्ध' कोरोनाको समयमा लेखिएको यो कवितामा कोरोनाको त्यो विध्वंसलाई सम्झाएको छ । स्वास्थ्यकर्मीसँगै हातेमालो गरेर कोरोनाविरुद्ध युद्धमा उत्रेका कवि यो युद्ध धर्म, विभेद, बारुद, सिमाना र भूमिका लागि लडेको युद्धभन्दा फरक युद्ध लडेको बताउनुहुन्छ । म आफू स्वास्थ्यकर्मी भएर पनि होला स्वास्थ्यकर्मीलाई एउटा सम्मान स्वरूप लेखिएको कविता हो जस्तो लाग्यो ।

'तिम्रो मायामा' कविता पढेपछि यस्तो लाग्यो- आफूले मन परेको मान्छेको माया पाउन जुनतारा झार्न नपर्ने रहेछ । बरु माया जित्नलाई मायाको भाकाले केही नढाँटि मनको कुरा सबै गरे पुग्ने रहेछ । यसरी पो माया झन् गाढा भएर जाने रहेछ । कविको प्रेमिल हृदयले सरल शब्दमा प्रेम उजागर गरेको कविता हो यो ।

*आमा घर हो*
*बा थर हो...*
*घरि घरी लाग्छ*
*घर नभएको भए म के हुन्थें होला*
*थर नभएको भए मा कस्तो हुन्थें होला*

आफ्ना आमाबाको छहारी पाएर आज कवि यहाँसम्म पुगेको र 'म' भनेर चिनिन पाएकोमा कविले गर्व गरेको कविता हो 'आमा घर हो, बा थर हो' यो सुन्दर पंक्तिले मन छोएको छ ।

'पानीको रङ' शीर्षक रहेको कविताबाट नै यो संग्रहको शीर्षक राखिएको कविता मुख्यतया हाम्रा खोलानाला प्रदूषित भएको छ । कविको चिन्ता पोखिएको प्रकृतिप्रेमी कविता हो यो । खोलामा बग्ने पानी सा‍ङ्लो नै सबैलाई मन पर्छ तर आजकल पानी मानिसजस्तै धमिलिएको छ । आफ्नो बाल्यकालमा सफा नदीमा पौडी खेलेको सम्झँदै आज पनि त्यसरी नै डुबुल्की मार्ने इच्छाएको यो कविताले नागरिक सचेतनाको सन्देश दिएको छ ।

'खोलासँग' र 'एक्ले बर' प्रकृति र मानव जीवनसित जोडिएको कविता हो । एक्ले बर काटिएको दर्दनाक कथा हो । जसमा मानिसले वर्षौंदेखि छहारी दिने आफ्नो सुविधाका लागि रुखलाई काटेका छन् । जुन आज हाम्रा गाउँघरका बूढापाकाहरूको अवस्था पनि त्यस्तै हुनसक्ने चित्रण यो कवितामा पाइन्छ ।

'शिल्पी र मूर्ति' शीर्षकका कवितामा श्रमिकहरूको जीवनलाई उतारिएको छ । समाजमा यस्ता मानिसहरूको परिचय हराएको छ । कला, श्रम र पसिनाको सम्मानस्वरूप कविले यी श्रमजीवी पात्रहरूलाई प्रस्तुत गरेका छन् ।

'जहाँ पुग्दैनन् रवि त्यहाँ पुग्छन् कवि' भनेझैं बस्ताकोटीको यो कविता संग्रहमा माथि भनेअनुसार समाजका विकृति, कूरीति, परदेशीका व्यथा, मायाका कुरा, प्रकृति प्रेम, गाउँघरका दाजुभाइ दिदीबहिनीका संघर्ष, जीवन दर्शन, परिवार, भुइँमान्छेको कुरा आदि इत्यादि सबै समिटिएको एउटा समग्रमा हाम्रो समय बोल्ने कविताको संग्रह हो भन्न सकिन्छ ।

४० वटा कविताको यो संग्रहका कविताहरूले केही न केही प्रेरणादायी सन्देश दिएकै छन् । कुलपति भुपाल राईको शुभकामनाबाट सुरू भएको संग्रह, गीता त्रिपाठीको विस्तृत भूमिका निकै पठनीय छ । कवि बस्ताकोटीको आफ्नै भूमिकामा यो संग्रह कसरी र कुन सन्दर्भमा लेखियो भन्ने थाहा हुन्छ । अन्त्यमा, अमेरिकाको क्यान्सस जहाँ बसेर म यो कवितामाथि पाठकीय समीक्षा लेखिरहेछु, २०२५ जनवरी को पहिलो हप्ता विशाल हिमपातमा सबै ठप्प भएको छ । म 'पानीको रङ'मा हाइड्रोजन र अक्सिजनको थुप्रोसँगै कविताको मर्म थुपार्दै छु । कवि बस्ताकोटीको कलमले यस्तै राम्राराम्रा कविता लेख्दै जाउन्, हार्दिक शुभकामना । यति सुन्दर र पानीजस्तै संगालो सिर्जनाका लागि हार्दिक बधाई । र, यो पढ्ने अवसरका लागि हार्दिक आभार !!

*(पेसाले स्वास्थ्यकर्मी न्यौपाने अनेसास क्यान्सस च्याप्टरकी अध्यक्ष हुन्)*




# सेवा समाप्तम् !

'अब त यो परागसराग मरिकाट्टे खान्न' भनेको दिवाकर ओंठले पराग लुकाउने प्रयास गर्दै ३२ दन्त देखाएर हाँस्छ । त्यसो भए अब 'सेवा समाप्त' ! उसको कुरा सुनेर वरपर रहेका उसका सहकर्मी खित्का छाड्दै हाँसे ।

एकै छिनपछि सेवा समाप्तको विषय थप प्रसंग उठाउँछन् 'राजु माट्साप' ।

'के हो नि यो सेवा समाप्तम् भनेको ?'

सीधा प्रश्नको सीधा नै उत्तर दिन्छन् दिवाकर, 'सेवा समाप्तम् भनेको मैले गर्ने सेवाको समय चेट् ।' उसबेला विद्यालयमा पढ्दा उसका गुरुबाले कक्षा सकिनासाथ भन्ने गर्थे रे, 'आजलाई सेवा समाप्त' । तर, 'सेवा गर्ने भनेर आर्यघाटमा नपुगञ्जेलसम्म मेवा खाने अनि युवाहरू सबैलाई विदेशमै पठाउनेहरूको सेवा कहिले समाप्तम् हुने हो' उल्टै प्रतिप्रश्न पनि छ दिवाकरको ।

उत्तर फर्केर बसेका कुमार र पश्चिम फर्केर बसेका प्रकाशको अनुहारमा हाँसोका बीचमा हल्का चमक हरायो । एलिसा र चन्द्रकलाको पनि मुहार खै के भएको थियो । बैरीका अगाडि शिर झुकाएर हैन शिर उचालेर अगाडि बढ्नुपर्छ भन्दै मटयाङ्ग्राले जोश थपे । 'सत्य गर, कोहीसँग नझुक, बरु भण्डाफोर गर्ने आँट गर ।'

वर्षौं भइसकेर पनि उसले आज गुरुबाको कुरा बिर्सन सकेको छैन । गुरुबा साँच्चै इमान्दार थिए । सत्य बोल्थे । कसैसँग झुक्दैनथे । तर आफूले पाएको जिम्मेवारी निष्ठापूर्वक गर्दथे र समय सकिएपछि सबैलाई भन्थे 'सेवा समाप्तम्' । सबैले हो मा हो मिलाए । त अहिले यस्तै हो, आधुनिक सामन्तहरूको सहरमा कसको कुन बेला सेवा समाप्तम् हुने पत्तो नै छैन ।

सत्तरीको दशकमा सिंहदरबारतिरको कृषि मन्त्रालयमा 'झा' थरका एक जना डाक्टर सहसचिव थिए । प्राविधिक कर्मचारी भए पनि राज्यले दिएको समयमा इमान्दार पूर्वक काम गर्थे । जागिरे जीवनमा राज्यले दिएको तलबबाहेक उनले कसैसँग हात फैलाएनन् । ९:५९ मा कार्यालय पुग्ने र ४:५९ मा कार्यालयबाट निस्कन्थे ।

कतिपय यस्ता बैठक सिंहदरबारमा चल्थे । जहाँ मन्त्री, सचिवलगायत अन्य निकायका विशिष्ट व्यक्तिहरूको उपस्थितिमा बैठक चलिरहँदा डा. झा ४ बजेर ५९ मिनेट गएपछि जुरुक्क उठ्थे र घरतिर लाग्थे ।

'के हो डाक्टर साप, फुत्त निस्किनुभयो नि त ?' भनेर सोधेको प्रश्नमा उनको उत्तर हुन्थ्यो घडीले घण्टी बजायो । मेरो आजको सेवा समाप्त भयो । जागिरेहरूका लागि यो पनि उत्तम नै थियो नि । राज्यले दिएको मासिक तलब खाएपछि तोकिएको समयमा मात्र काम गर्ने !

अहिले त अन्याय कसैले पर्न दिन हुन्न । जनताको आवाज बोल्नु पर्छ बाहिर ल्याउनु पर्छ भन्ने र आफूलाई एक नम्बरको नादरमुनी (सञ्चारकर्मी) का रूपमा घोषणा गर्नेहरूले आफैंलाई सामन्तहरूले शोषण गर्दा पनि बोल्न सक्दैनन् । बरु त्यही शोषण र अन्यायका बीच नै उसको सेवा समाप्तम् भएको देखिन्छ ।

हरेक वर्ष माघ १६ गते नेपालमा सहिद दिवस मनाउने गरिन्छ । १०४ वर्षीय जहाँनिया राणा शासनका विरुद्ध बोल्नेहरू कसैलाई झुण्ड्याएर मारियो, कसैलाई गोली ठोकेर मारियो । तर पनि ती चार सहिद सामन्तहरूको अगाडि झुकेनन् बरु हाँसीहाँसी आफ्नो बलिदानी दिए ।

अहिले फेरि आधुनिक सामन्त युगमा मुलुक प्रवेश गरेको हो कि भन्ने भान भएको छ । दल दलमा सामन्तवाद हाबी भएको छ । सरकारमा आधुनिक सामन्तवाद मौलाएको छ । सत्य कुरा त गर्न नै पाइँदैन । कसको कुन बेला सेवा समाप्त हुने हो थाहा नै नहुने !

राजु माट्साप जुरुक्क सोफाबाट उठे । चन्द्रकला र एलिसा मुखामुख गरे । प्रकाश र कुमारको हालत पनि उस्तै । दिवाकरको त कुरै नगरौं । ऊर्जा निकालिरहेको थियो जे होला होला छाड्दिनुस् यस्ता कुरा लास्टा त्यही सेवा समाप्तम् त हो ?

हो भाइ, मटयाङ्ग्राले थपे । यो देशमा सबको सेवा समाप्त हुन्छ । शिक्षक, पत्रकार, चिकित्सक, कर्मचारी, सुरक्षाकर्मी आ-आफ्नो समय आएपछि सेवा समाप्त नै गर्छन् । यहाँ सेवा समाप्त नहुने भनेको त राजनीति गर्नेहरूको मात्र हो । जो कहिल्यै पूर्व पनि हुनु पर्दैन । सकुञ्जेल जनतालाई भ्रममा पार्ने, देशको ढुकुटीमा मोज गर्ने अनि जब आर्यघाट पुगेर खरानी बन्छन् त्यसपछि मात्र सेवा समाप्त !

कसैले देख्नेगरी देशको ढुकुटी लुछिरहेका छन् । कसैले नदेख्नेगरी अरुको काँधमा चढेर देश लुटिरहेका छन् । कसैले तर्साएर सेवाका नाममा देशलाई नै कंगाल बनाउँदै हजम गरिरहेका छन् कसैले भ्रममा रमाउन लगाएर हजम गरिरहेका छन् ।

देख्नेलाई त के थाहा । भोग्नेलाई पो थाहा हुन्छ । 'वन डढेको त सबैले देख्छन् नि मन डढेको कसले देख्छ र' भन्ने उखान त्यसै बनाएको होइनन् होला । आधुनिक सामन्त युगमा प्रवेश गरेको राज्यमा 'नाङ्लो डटाएर हात्ती तर्साउने हो !' मैले गरेको सब ठीक उसले गरेको सबै बेठीक भन्ने हो । त्यसै आधुनिक सामन्तबाद जिन्दावाद भन्न पाइन्छ र !

दिवाकरले फेरि कुरा उप्कायो । 'लौ त्यसो भए सबलाई भीमे बनाउने भए ?'

हो नि, 'कोही भीमे बन्छन्, कोही रवि बन्छन्' । मटयाङ्ग्राले झ्यालबाट छिरेको तातो घाममा पिठ्यु फर्काउँदै बोले, आफूसँग भएको वर्तमानमा भएको पद, शक्ति सधैं रहँदैन । पद, पैसा र पावर भनेका अस्थायी साधनमात्र हुन् । त्यसलाई स्थायी ठानेर अरुलाई तर्साउन कुचेष्टा गर्नेहरू ठूलै भड्खालोमा पर्छन् । त्यो ध्रुवसत्य हो । 'झूठो टिक्दैन, सत्य मर्दैन' हाम्रा पुर्खाले त्यसै कहाँ भनेका हुन् र ? जस्तोसुकै परिस्थिति होस् सत्यमा अडिग भने रहनु नै पर्छ ।

कसैले आफूलाई राजा ठान्छ भने राजै बन्न दिनुस्, जंगलको सिंह सम्झन्छ भने पनि त्यस्सै छाडिदिनुस् । अलि बढी उम्लिएपछि पोखिन्छ नि । हो, त्यसबेला एक थोपा पनि नरहनेगरी पोखिन्छ । बंगलादेशदेखि श्रीलंकासम्मका शासकहरूले त देश छाडेर भाग्नुपर्ने दिन आयो भने आधुनिक सामन्त स्यालहरूको त न समाउने ठाउँ छ न टेक्ने जमिन नै छ । त्यसबेला रामराम भन्नेबाहेक के विकल्प हुन सक्छ र ? आखिर सेवा त हुन्छ नै समाप्तम् !...

# सहज बन्दै मनाङको यात्रा



**मनाङ-** पर्यटकको आकर्षक केन्द्रका रूपमा मानिएको मनाङमा पछिल्लो समय सडक सञ्जाल विस्तार भएसँगै यात्रा सहज बन्दै गएको छ । ट्र्याक खोलेको करिब २० वर्षपछि डुम्रे-बैँसीसहर-चामे खण्डले गति लिएपछि यात्रा सहज बन्दै गएको हो ।

डुम्रे-बैँसीसहर-चामे आयोजनाले गत आर्थिक वर्षमा आठ किलोमिटर सडक कालोपत्र गरिसकेको आयोजनाका सबइञ्जिनियर सुमन अधिकारीले जानकारी दिए । उनका अनुसार बैँसीसहरबाट खुदीसम्म आठ किलोमिटर सडक कालोपत्र सम्पन्न भएको हो ।

सबइञ्जिनियर अधिकारीले भने, 'मनाङतर्फको सडक निर्माणमा मनाङ-मर्स्याङ्दी जलविद्युत् आयोजनाले पनि सहयोग गरेको छ । भौतिकरूपमा असहज भएका स्थानमा आयोजनाले काम गरिसकेको छ । जलविद्युत् आयोजनाका सवारीसाधन आवतजावत गर्नुपर्ने भएकाले यहाँको विकासलाई पनि सहयोग पुगेको छ ।' बैँसीसहर-चामे खण्डअन्तर्गतका सडक र पुल निर्माणका लागि ५१ करोड रूपैयाँ बजेट विनियोजन भएको उनले जानकारी दिए ।

आयोजना निर्माणस्थलमा आवश्यक सामग्री ल्याउन सहज बनाउने उद्देश्यले सडक चौडाइ गर्ने, घुम्ती क्षेत्रमा पूर्वाधार र सडक निर्माणलगायत काम भइरहेका बुटवल हाइड्रोपावर कम्पनी लिमिटेडका सहायक प्रबन्धक प्रतीकमानसिंह प्रधानले जानकारी दिए । उनका अनुसार सडक आयोजनासँग सम्झौता गरी आपसी समन्वयका आधारमा काम भइरहेको हो ।

प्रबन्धक प्रधानले भने, 'ऊर्जा उत्पादनले मात्रै जिल्लाको विकास सम्भव छैन । मनाङ पर्यटकीय क्षेत्र पनि हो, यहाँ सडक सञ्जाल विस्तार गरी यात्रा सहज बनाउन सके पर्यटन प्रवर्द्धन हुनुका साथै स्थानीयको आर्थिकस्तरमा सुधार हुँदै जाने थियो । ऊर्जा उत्पादनसँगै सडक सञ्जालको विकासले स्थानीयको दैनिकी र पर्यटकलाई आवागमनमा सहयोग पुऱ्याइरहेको छ ।'

मनाङको चामे गाउँपालिका-१, २ र ३, नासोँ गाउँपालिका-९, ८, ४ र ५ नम्बर वडामा पर्नेगरी निर्माणाधीन १३५ मेगावाट क्षमताको मनाङ-मर्स्याङ्दी जलविद्युत् आयोजनाले यहाँको सडक विकासलाई प्राथमिकतामा राखी काम गरिरहेको प्रबन्धक प्रधानले बताए ।

उक्त जलविद्युत् आयोजनाको विकासका लागि सरकारसँग बुटवल पावर कम्पनीसहित तीन चिनियाँ कम्पनीबीच २०७९ पुस ३ गते सम्झौता भएको थियो । यस आयोजनाको क्षमता १३५ मेगावट रहेको छ । चार वर्षमा आयोजना निर्माण सम्पन्न गर्नेगरी सम्झौता भएको हो ।

आयोजनामा नेपाली साझेदार बिपिसीले २० प्रतिशत र तीन चिनियाँ कम्पनी एससिआइजी इन्टरनेसनल, छिङचेङ इन्टर नेसनल र चिनियाँ लगानीकर्तामा क्युवाइसी इन्टरनेसनलले संयुक्तरूपमा ८० प्रतिशत सेयर स्वामित्व रहनेगरी समझदारी भएको आयोजना कार्यालयले जनाएको छ ।

आयोजनाको कूल लागत ३३ अर्ब ३८ करोड रूपैयाँमध्ये २० प्रतिशत पुँजी र ८० प्रतिशत ऋण लगानी रहने छ । आयोजनामा बुटवल पावर कम्पनीलेमात्रै करिब एक अर्ब ३३ करोड रूपैयाँ पुँजी लगानी गर्ने छ । आयोजनाले वार्षिक ७५ करोड नौ लाख ४८ हजार ८७५ युनिट विद्युत् उत्पादन लक्ष्य लिएको छ ।

आयोजना 'पिकिङ रन अफ दि रिभर' प्रकृतिको हुने कम्पनीका प्रबन्धक प्रधानले जानकारी दिए । वार्षिक ७६६.५९३ गिगावाट विद्युत् उत्पादन हुने अपेक्षा लिइएको उनले बताए । *रासस*


**जापानमा रोजगार** कम्पनी : Midori International Exchange Plaza Cooperative Association

पूर्व स्वीकृति मिति : २०८१/१०/०६ | LT. No. 317313 | चलानी नं. ६०२३१५७५

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव YEN | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | सेवा शुल्क | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Plastic Molding | 4 | 0 | 171000 | १५१,६९० | क.नि. अनुसार | ७ घण्टा | ५ दिन | ५०,००० | क.नि. अनुसार | छैन | छैन | ३ वर्ष |

■ **प्रशिक्षार्थीको आवश्यक न्यूनतम योग्यता र काम गरेको अनुभव:**
(क) नेपाली नागरिक हुनुपर्ने । (ख) प्रशिक्षार्थीको उमेर १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको हुनुपर्ने । (ग) प्रशिक्षार्थी नेपाल सरकारको उद्योग मन्त्रालय अन्तर्गतका निकायहरूमा तीन वर्ष पूर्व दर्ता भई सञ्चालन भई रहेका औद्योगिक प्रतिष्ठान, उद्योग व्यवसाय, कलकारखाना, कृषि सहकारी, सामुदायिक संघ संस्था, होटल, पर्यटन व्यवसाय अर्थात सेवा तथा वस्तु उत्पादन व्यवसाय जस्ता क्षेत्रमा कम्तीमा २ वर्ष काम गरेको अनुभव हुनुपर्ने । (घ) कृषि सम्बन्धि कामको निमित्त सम्बन्धित उद्यम/उद्योग वा सम्बन्धित विषयको सहकारी वा सामुदायिक संस्थामा कम्तीमा २ वर्ष काम गरेको अनुभव हुनुपर्ने । (ङ) प्रशिक्षार्थीले जापानमा प्रशिक्षार्थी कामदारको रुपमा खोजेको विषयमा नै नेपालको उद्योग, प्रतिष्ठान, संस्था वा निकायहरूमा काम गरिरहेको हुनुपर्ने । (च) जापानी भाषा तथा संस्कृतिका सम्बन्धमा तालिम लिएको हुनुपर्ने ।

■ **दरखास्त साथ पेश गर्नुपर्ने आवश्यक कागजातहरु:**
(क) नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (ख) राहदानी प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (ग) प्रशिक्षार्थी नेपाल सरकारको उद्योग मन्त्रालय अन्तर्गतका निकायहरूमा तीन वर्ष पूर्व दर्ता भई सञ्चालन भई रहेका औद्योगिक प्रतिष्ठान, उद्योग व्यवसाय, कलकारखाना, कृषि सहकारी, सामुदायिक संघ संस्था, होटल, पर्यटन व्यवसाय अर्थात सेवा तथा वस्तु उत्पादन व्यवसाय जस्ता क्षेत्रमा कम्तीमा २ वर्ष काम गरेको अनुभव सम्बन्धि प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (घ) कामदार जापानमा प्रशिक्षार्थी कामदारको रुपमा जान खोजेको विषयमा नै नेपालको उद्योग, प्रतिष्ठान, संस्था वा निकायहरूमा काम गरिरहेको हुनुपर्नेछ । (ङ) जापानी भाषा तथा संस्कृतिका सम्बन्धमा तालिम लिई उत्तीर्ण गरेको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (च) अभिमुखिकरण तालिम लिएको सक्कल प्रमाणपत्र । (छ) नेपालमा आफू कार्यरत रहेको सम्बन्धित उद्योग, प्रतिष्ठान, निकाय वा संस्थाको सिफारिस र नेपाल फर्कि आएपछि पुनः काममा लगाउनेछु भनी सम्बन्धित संस्थाले गरेको प्रतिवद्धता पत्र । (ज) प्रशिक्षार्थी कामदारको रुपमा तालिम लिई नेपाल फर्किएपछि सम्बन्धित उद्योगमा नै काम गर्ने भनि आफू कार्यरत संस्था वा निकाय समक्ष गरेको प्रतिवद्धता सम्बन्धि कागजातको प्रतिलिपि ।
१. दरखास्त बुझाउनु पर्ने स्थान र अन्तिम मितिः स्थानः प्रा.लि.को कार्यालय, मितिः यो सूचना प्रकाशित भएको मितिले ८ दिन भित्र ।
२. प्रशिक्षार्थीले तिर्नुपर्ने (सेवा शुल्क, यातायात, भिषा तथा प्रवर्द्धन खर्च समेतको) कूल खर्चः ५०,०००
३. प्रशिक्षार्थी छनौट गर्ने तरिका, मिति र स्थानः छनौट तरिकाः अन्तर्वार्ता, स्थानः प्रा.लि.को कार्यालय र अन्तर्वार्ता मितिः पछि प्रकाशित गरिनेछ ।

**नोटः** वैदेशिक रोजगार ऐन, २०६४ को दफा ९ बमोजिम महिला, दलित, आदिवासी जनजाति, उत्पीडित वर्ग, पिछडिएको क्षेत्र तथा वर्ग एवं दुर्गम क्षेत्र तथा दैवीप्रकोप पीडित व्यक्तिलाई नेपाल सरकारले तोके बमोजिमको संख्यामा आरक्षण प्रदान गरिने छ ।

■ **नेपाल सरकार श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:**
१) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भरपाई अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरू साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापनमा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोस । ४) विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्स तालिम अनिवार्य लिनुहोस । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।
द्रष्टव्यः यस विषयमा थप केही कुरा बुझ्न परेमा यस प्रा.लि.मा सम्पर्क गर्न सक्नुहुनेछ ।

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ माघ १५ गते (28th Jan. 2025) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**SATYAWATI OVERSEAS CONCERN PVT. LTD.**
Swoyambhu-15,Halchok, Ring Road, Kathmandu, Nepal, Tel: 01-5383068
E-mail: satyawaticoncern@gmail.com, info@satyawatioverseas.com
श्रम ईजाजत नं. ५०/०५१/०५२



**युएइमा रोजगार** कम्पनी : MAZRUI & HAWI PAINTING COMPANY - W L L

पूर्व स्वीकृति मिति : २०८१/१०/०४ | LT. No. 317282 | चलानी नं. ६०२३१४८५

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | SCAFFOLDERS | 80 | 0 | 1200 | ४५,३०७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | SPRAY PAINTER | 50 | 0 | 1200 | ४५,३०७ | | | | | | | |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ माघ १५ गते (28th Jan. 2025) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

MINAWA
Govt.Lic. No- 1168/073/074
**MINAWA RECRUITMENT H.R. PVT LTD**
Pingalasthan-09, Kathmandu (Nepal), T: 01-4591510, 01-4591511
E:-minawarecruitment@gmail.com I w:-www.minawarecruitment.com


# थारू समुदाय 'भलमन्सा' चुन्ने चटारोमा



**सुदूरपश्चिम-** कैलालीको कैलारी गाउँपालिकास्थित मनिकापुर गाउँका रामदिन चौधरी दोस्रो कार्यकालका लागि गाउँको 'भलमन्सा' पदमा चुनिएका छन् । गाउँको थारु समुदायमा 'भलमन्सा' को जिम्मेवारीमा रहेर काम गरेको अनुभवका आधारमा उनलाई पुनः दोस्रोपटक सर्वसम्मत रूपमा भलमन्सामा चयन गरिएको हो । 'भलमन्साको जिम्मेवारी लिइसक्नुभएका बद्रीनारायण चौधरीले मलाई समर्थन गर्नुभयो,' उनले भने, 'अरुले पनि आग्रह गरेपछि पुनः जिम्मेवारी लिएको हुँ ।'

सोही गाउँपालिकाको बिसनपुर गाउँमा भलमन्सा छनोट गर्न बसेको बैठकले सोनुराम चौधरीलाई भलमन्सा तोक्ने निर्णय गरेको छ । दुई वर्षसम्म लगातार भलमन्साको जिम्मेवारीमा बहन गरिसकेका सोनुरामले साथीभाइको सरसल्लाहमै आफू पुनः यो पदको जिम्मेवारी लिन मञ्जुर भएको बताए । उनले भने, 'गाउँमा आफ्नो नेतृत्वमा वर्षभरि भएका कामबाट सबै खुसी हुनुहुन्छ ।'

गोदावरी नगरपालिका-८ को थारु गाउँमा यमबहादुर चौधरी भलमन्सा भएका छन् । माघी पर्व सुरु भएसँगै गाउँको मुख्य व्यक्ति मानिने भलमन्सा, चौकीदार, गुरुवा, चिराकी, अघरियालगायतका पदमा व्यक्ति छनोट गर्ने चटारो यतिबेला थारु समुदायमा छ ।

पदमा बसेर काम गर्न नसक्नेलाई पदमुक्त गरेर अर्को व्यक्तिलाई भलमन्साको जिम्मेवारी दिइने गरिन्छ । कतिपय स्वइच्छाले यो जिम्मेवारीबाट अलग हुन्छन् । थारु समुदायमा मुख्य व्यक्तिको रूपमा रहने भलमन्सालाई सकभर सर्वसम्मतिले र त्यसो हुन नसके निर्वाचन प्रक्रिया अथवा गोला (चिट्ठा) प्रक्रिया अपनाएर प्रजातान्त्रिक ढंगले छनोट गरिन्छ । गाउँको भलमन्सा पदमा चुनिने व्यक्तिको घरलाई यो समुदायमा 'बडघर' भनिन्छ ।

कतिपय बस्तीमा यस्तो भेला भइसकेर भलमन्सा छनोटको काम पूरा भइसकेको छ भने अन्य कतिपय गाउँमा छनोट गर्ने काम भइरहेको छ । पूरै वडाको हकमा निर्वाचित जनप्रतिनिधिको भूमिका रहने गरे पनि समुदायको गाउँ टोलको हकमा भने बढी भूमिका भलमन्साको हुने गरेको पाइन्छ । थारुमा माघीको रौनकसँगै आवश्यकताअनुसार 'बडघर' बैठकहरू बसिरहेका छन् । यस्ता बैठकमा वर्ष दिनमा गाउँ टोलमा भलमन्साको नेतृत्वमा भएका कामबारेमा आपसमा छलफल, विश्लेषण, गुनासो सुन्ने र सुनाउने काम हुने गर्छ ।

माघको पहिलो हप्ताभित्र अथवा ढिलोमा दुई हप्ताभित्रमा वर्षभरि भलमन्साको नेतृत्वमा गाउँमा भए गरेका कामको समीक्षा गर्ने, सार्वजनिक काममा भएको खर्चको हिसाबकिताब गर्नेजस्ता काम गरिन्छ । 'गुरुवा' (वैद्यको काम गर्ने)ले मानिस, गाईवस्तु र अन्नबालीमा देखिने रोगको समस्या समाधान गर्ने जिम्मेवारी बहन गर्नुपर्ने हुन्छ । 'चिराकी'ले देवस्थल र घरमा हुने शुभकार्यमा बत्ती बालेर पूजाको काम गर्छ । 'चौकीदार'ले आफ्नो गाउँठाउँमा कुनै कामका लागि भेला बोलाउनुपरेमा गाउँका मान्छेलाई हाँक गर्ने (बोलाउने) काम र 'अघरिया'ले भलमन्साको सहायकको रूपमा काम गर्नुपर्ने परम्परा छ ।

बडघरले लाए अह्राएका काम गाउँका अन्य सदस्यले मान्नुपर्ने हुन्छ । यस्तो प्रचलनका कारण नै गाउँको अनुशासन कायम हुने र सामूहिकतामा काम गर्ने लामो समयदेखिको प्रचलन थारु गाउँमा रहने गरेको छ । यस्तो परम्पराले गाउँको एकता र सामूहिकताको विकास हुने मात्र नभई गाउँको अनुशासन कायम गर्नमा टेवा पुग्ने गरेको मानबहादुर चौधरी बताउँछन् । थारु गाउँमा सदियौँदेखि यस्तो प्रचलन रहेकाले नेतृत्वकर्ताको बेग्लै महत्त्व र सम्मान हुने गर्छ । कामको मूल्यांकनका आधारमा निजलाई पुनः सोही पदको जिम्मेवारी प्रदान गर्ने गरिन्छ ।

समग्र गाउँको संरक्षण गर्ने, विकास निर्माणका काम गर्ने, कुलोपानी, बिजुलीबत्तीको व्यवस्था गर्ने, गाउँघरमा आइपर्ने दुःख सुखमा सामूहिकरूपमा सहयोग गर्ने गराउनेजस्ता काम गाउँको नेतृत्वकर्ता (भलमन्सा) ले गर्ने गर्दछन् । भलमन्साको आदेशमा गाउँका विभिन्न काम गर्न जानुपर्ने कामलाई 'बेगारी' जाने भनिन्छ । बेगारी जान नसक्नेले जरिवाना तिर्नुपर्ने हुन्छ ।

भलमन्सालगायतका पदमा काम गर्दै आएका व्यक्तिको 'घर फाटे' मा (दाजुभाइबीचको अंशवण्डा) निजलाई सकभर उक्त पदको जिम्मेवारीबाट मुक्त गरिन्छ । भलमन्सा पदको जिम्मेवारी बहन गर्ने अधिकांशले स्वयंसेवीको रूपमा काम गर्ने गरेका छन् । कतिपय गाउँमा भने यो पदमा बसेर काम गर्नेलाई समुदायको निर्णयअनुसार पारिश्रमिकको रूपमा खाद्यान्न उपलब्ध गराउने गरिन्छ । पछिल्ला वर्षमा समुदायमा रहेको सकारात्मक अभ्यास, परम्परा र संस्कृतिको संरक्षणका कामलाई अगाडि बढाउनमा टेवा पुऱ्याइरहेको यो प्रजातान्त्रिक पद्धतिको बडघर प्रथालाई जीवन्त राख्नुपर्ने आवाज उठ्न थालेको छ ।

भलमन्सा बडघर, गुरुवा, चिराकी, अघरियाजस्ता प्रथा पुस्तान्तरण हुँदै आए पनि कतिपय बस्तीमा भने यसको पुस्तान्तरण हुन नसकिरहेको अनुभव थारु अगुवा मानबहादुर बताउँछन् । आफ्नो कार्य क्षेत्रभित्र उत्पन्न हुने झैझगडा अंशवण्डा जग्गाको साँध सिमाना, पानी कुलो, लेनदेनको विवादका विषयमा पीडित पक्षले लिखित वा मौखिकरूपमा आग्रह गरेपछि भलमन्साले बैठक गरी पीडित र पीडकपक्षको जितको सिद्धान्तअनुसार मिलापत्र गराइदिने परम्परा छ । पश्चिम नेपालको दाङ, बाँके, बर्दिया, कैलाली र कञ्चनपुर जिल्लामा यो समुदायको बसोबास छ । पूर्वी तराईका कतिपय जिल्लामा यो समुदायको बसोवास रहे पनि रहनसहन, वेषभूषा, प्रचलन जिल्ला र ठाउँअनुसार केही फरक देखिन्छ । *रासस*


# Belauri Municipality
## Office Of the Municipal Executive
**Belauri, Kanchanpur**
**Sudurpaschim Province, Nepal**

## Invitation for Bids

**Invitation for Bids No.: BELMUN/NCB/G/081/082-01**
**Date of publication: 21-01-2025 10:00**

1. ***Belauri Municipality*** invites electronic bids from Nepalese eligible bidders for ***the Supply and Delivery of Sanitary Pad in Belauri Municipality*** National Competitive Bidding procedures.
2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office Of ***Belauri Municipality Kanchanpur, belaurimunicipality@gmail.com, 099-580215***or may visit PPMO website www.bolpatra.gov.np/egp.
3. Bidders, submitting their bid electronically, should deposit the cost(Rs3000) of bidding document in theProject's Rajaswa (revenue) account as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids. Information to deposit the cost of bidding document in Bank:
   Name of the Bank: Rastriya Banijya Bank    Name of Office: ***Belauri Municipality***
   Office Code no. :801077604    Office Account no.: 4390100301010002
   Rajaswa (revenue) Shirshakno.: BELAURI NA.PA. (GA-1-1)
4. Electronic bids must be submitted through PPMO websiteon ***20-02-2025 13:00.*** Bids received after this deadline will be rejected.
5. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at ***20-02-2025 14:00*** .at the office of ***Belauri Municipality.*** Bids must be valid for a period of ***90 days*** after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in .pdf format in case of e-bid, amounting to a minimum of ***Rs.52000 .Nrs*** which shall be valid for 30 days beyond the validity period of the bid.
6. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid and bid security shall remain the same as specified for the original last date of bid submission.

**Chief Administrative Officer**


# म्याग्दीको विकट गाउँ नामिलामा सामुदायिक स्वास्थ्य एकाइ

**म्याग्दी (प्रस)-** भौगोलिकरूपमा विकट र दुर्गम क्षेत्रमा पर्ने म्याग्दीको रघुगंगा गाउँपालिका-७ नामिलामा सामुदायिक स्वास्थ्य एकाइ स्थापना भएको छ ।

रघुगंगा गाउँपालिकाले स्वास्थ्य एकाइ स्थापना गरेपछि स्थानीयवासीलाई आधारभूत स्वास्थ्य सेवा लिन सहज भएको छ । नामिलाका बासिन्दालाई चिमखोलामा रहेको स्वास्थ्य चौकीमा पुगेर सेवा लिन अपायक थियो । बर्खायाममा पहिरोका कारण सडक र पैदलमार्ग अवरुद्ध हुँदा छिमेकी वडाको कुइनेमंगले स्वास्थ्य चौकीमा पुगेर सेवा लिने गरेका थिए ।

रघुगंगा गाउँपालिका-७ चिमखोलाका वडाध्यक्ष थकबहादुर पाइजा (रिम)का अनुसार एकाइबाट नामिला र आसपासको गाउँका करिब १घरपरिवार लाभान्वित भएका छन् । 'एकाइ खुलेपछि गाउँमै आधारभूत स्वास्थ्य सेवा पाएर राहत मिलेको छ,' उनले भने, 'एक जना अनमीले एकाइबाट सेवा दिने व्यवस्था मिलाएका छौं ।' स्वास्थ्य परीक्षण, परामर्श, निःशुल्क औषधि वितरण र खोपसम्बन्धी सेवा दिइने वडाध्यक्ष पाइजाले बताए ।

आमा समूहको भवनको कोठामा एकाइ स्थापना गरिएको छ । यसअघि चिमखोलाको पात्ले गाउँमा सामुदायिक स्वास्थ्य एकाइ सञ्चालन गरिएको थियो । नामिला, पात्लेसहित रघुगंगाको ठाडाखानी, कुइनेखानी, रायखोर, दर्मीजा, बादुक, राममन्दिर र मौवाफाँटमा स्वास्थ्य एकाइ स्थापना गरेर स्वास्थ्य सेवा विस्तार गरिएको छ । वडास्तरका स्वास्थ्य संस्थामा पुगेर सेवा लिन अपायक पर्ने गाउँमा एकाइ स्थापना गरेर सेवा विस्तार गरिएको गाउँपालिकाका अध्यक्ष भवबहादुर भण्डारीले बताए ।


**कम्पनीको नाम परिवर्तन गरिएको सूचना**

**प्रथम पटक प्रकाशित मितिः २०८१/१०/०८**

मिति २०७८।१२।१३ मा दर्ता भएको प्रा.लि.न. २८७७१३ को **जनता सेवा बिल्डर्स सेन्टर प्रा.लि** को सम्पूर्ण चल अचल सम्पत्ति ऋण, धन, दायित्व परिवर्तित **ब्रदर्श बम्जन कन्स्ट्रक्सन प्रा.लि.** ले नै व्यहोर्ने सकार्ने गरी मिति २०८१।०९।०५ को निर्णयानुसार नाम परिवर्तन गरीएको व्यहोरा सम्बद्ध सबैको लागि जानकारी गराईन्छ ।



**JAHADA RURAL MUNICIPALITY**
**OFFICE OF THE RURAL MUNICIPAL EXECUTIVE**
**MORANG , KOSHI PROVINCE, NEPAL**

**Invitation For E-Bid**

**Date of Publication: 8th Magh, 2081**

1. Jahada Rural Municipality, Office Of the Municipal Executive, Morang, Koshi Province, Nepal, invites electronic bids from eligible bidders.

| IFB No. | Work Descriptions | Estimated Amount (Without VAT) | Bid Document Cost Nrs. | Pre-Bid Meeting | Last Date Of Bid Submission | Bid Opening Date | Bid Security Amount (NRs) |
|---|---|---|---|---|---|---|---|
| JRM/WORKS/ NCB/081/082/16 | Wada No.7 ko Wada Karyalaya Bhawan Nirman | NRs 1,24,56,123.38 | 3000.00 | 11:00 AM on 2081/11/01. | 12:00 PM on 2081/11/09. | 2:00 PM on 2081/11/09. | NRs. 3,12,000.00 |
| JRM/WORKS/ NCB/081/082/17 | Shallow Tubewell Tatha Motor Jadan | NRs. 32,81,525.83 | 3000.00 | 1:00 PM on 2081/11/01. | 12:00 PM on 2081/11/09. | 2:00 PM on 2081/11/09. | NRs. 83,000.00 |
| JRM/AGRI/SQ/ 081/082/13 | Krishak haru lai sinchai ka lagi electric motor bitaran (50 pratishat anudan) | NRs. 17,64,100.00 | 1000.00 | - | 12:00 PM on 2081/10/24. | 2:00 PM on 2081/10/24. | NRs. 45,000.00 |

2. The details of the project is as follows :
   For other details please visit bolpatra.gov.np/egp

**Chief Administrative Officer**

# प्रभाव दैनिक





**'माइतीघर'मा भित्रिए धिरज**

रोहित अधिकारीको निर्माणमा तयार हुन लागेको फिल्म 'माइतीघर'मा कलाकारको लाइनअप पुरा भएको छ । फिल्मको मुख्य भूमिकामा नायक धिरज मगरको इन्ट्री भएसँगै मुख्य कलाकारको लाइनअप पुरा भएको हो । निर्माता रोहित अधिकारीले नायक धिरज मगरसँग कागजी सम्झौता समेत गरिसकेका छन् । फिल्ममा कलाकार केदार घिमिरे र प्रकाश सपुत पनि फाइनल भइसकेका छन् । फिल्ममा नायिका उपासना सिंह ठकुरी र नव–नायिका दिकिला शेर्पा पनि अनुवन्धित भइसकेका छन् ।




मंगलबार, ०८ माघ २०८१ (Tuesday, January 21, 2025)


# 'मिसिङः केटी हराएको सूचना'को बुकिङ खुला

■ प्रभाव संवाददाता




**काठमाडौं–** यही शुक्रबारबाट रिलिज हुने फिल्म 'मिसिङः केटी हराएको सूचना'को बुकिङ खुला भएको छ । नेपालको मल्टिप्लेक्स चेन क्यूएफएक्समा फिल्मको लागि अग्रिम बुकिङ खुला गरिएको हो ।

नाजिर हुसेन र सृष्टि श्रेष्ठ स्टारर फिल्मका लागि क्युएफएक्सले उपत्यकामा २५ र उपत्यकाबाहिर ३५ गरी ६० शो दिएको छ । जसअनुसार उपत्यकाअन्तर्गत भक्तपुरमा ४, छायाँ सेन्टरमा ४, सिटी स्क्वायर मलमा ४, सिभिल मलमा ४, दरबार सिनेप्लेक्समा २, लबिम मलमा ४ र राइजिङ मलमा ३ शो छन् । उपत्यका बाहिरको हकमा विराटनगरमा ३, भाटभटेनी बुटवलमा ४, नेपालगञ्जको बागेश्वरीमा ३, नारायणगढको सिजी मलमा ४, जलमामा ३, बिर्तामोडको वान स्टपमा ४, दमौलीमा ३, इटहरीको सिनेप्लेक्समा ४, वीरगञ्जको स्काइलाइन मलमा ३ र पोखराको ट्रेड मलमा ४ शो छन् ।

ट्राई सिटी पिक्चर्स प्रस्तुतकर्ता रहेको फिल्म ट्राई सिटी पिक्चर्सकै व्यानरमा निर्माण भएको हो । फिल्ममा दीपेन्द्र गौचनको लेखन र निर्देशन छ । फिल्ममा नाजिर, सृष्टिसँगै सञ्जय गुप्ता, रामनारायण ठाकुर, मदन ठाकुर, रिना रिमाल, कौशल्या ठाकुर, ललितादेवी मिश्र, रूपेश मण्डल, सुदीप पटेल, अनिल कुर्मी, मनोज शाह, अर्जुन पोखरेल र ओमप्रकाश कर्णको अभिनय छ । फिल्ममा अमितेष शाह विशेष भूमिका छन् ।

नकिम उद्दिन कार्यकारी निर्माता रहेको फिल्ममा मनोहर दास मुल, अनिन राजभण्डारी, राजीव थापा, रोबिन थापा, राधेश पन्त, महेन्द्र शाक्य, ज्योतिमान शेरचन, चन्द्र भट्टचन, सञ्जय भट्टचन सह–कार्यकारी निर्माता, अमितेष शाह सहायक निर्माता, दीपेन्द्र गौचनको कथा र लेखन, अमित पोखरेल र अमितेष शाहको सहायक लेखन, अमित पोखरेलको स्क्रिप्ट सुपरभिजन छ ।

फिल्ममा अमर महर्जनको डीओपी, निमेष श्रेष्ठको सम्पादन, शंकर महर्जनको द्वन्द्व, दीपेन्द्र गौचन, प्रवेश मल्लिक र करुण थापाको संगीत, दीपेन्द्र गौचन, अमितेष शाह, करुण थापाको शब्द, सितुसित बस्नेत, रोहित जोन क्षेत्री, प्रवेश मल्लिक, नेहा प्रियदर्शनी, करण परियार र इन्दिरा जोशीको स्वर, रामजी लामिछाने र राजीव कर्णको कोरियोग्राफी छ । ओएसआर डिजिटल डिजिटल पार्टनर रहेको फिल्म एप्पल इन्टरटेनमेन्ट, रिच इन्टरटेनमेन्ट र एफडी कम्पनीले वितरण गर्दैछन् ।

# 'रंगी'को दोस्रो गीत 'तिम्रै संसारमा' सार्वजनिक



■ प्रभाव संवाददाता

**काठमाडौं–** आगामी फागुन २ गतेदेखि रिलिज हुने फिल्म 'रंगी'को दोस्रो गीत 'तिम्रै संसारमा' सार्वजनिक भएको छ ।

ओएसआर डिजिटलबाट सार्वजनिक गीतमा भीम बिसी र रजज्ञा श्रेष्ठको स्वर, भीम बिसीको शब्द, संगीत, उदयराज पौडेलको एरेन्ज तथा श्यामस्वेत रसाइलीको मिक्सिङ र मास्टरिङ छ ।

भिडियोमा फिल्मका प्रमुख कलाकारहरू सलोन बस्नेत, नम्रता श्रेष्ठ, आयुषी ढकाल र सुमिन गुरुङको अभिनय छ । गीतले बाबु र छोरीको मायालाई चित्रण गरेको छ । गीतमा शिशिर खातीको कोरियोग्राफी छ ।

सान्भी इन्टरटेनमेन्ट प्रालिको व्यानरमा निर्माण भएको फिल्ममा सुरेश न्यौपानेको 'डेब्यू' निर्देशन छ । सक्षम सुवेदी, करिश्मा केसी बस्नेत र अनिश गौतम निर्माता रहेको फिल्ममा सलोन बस्नेत, नम्रता श्रेष्ठ, दिलीप रायमाझी, आयुषी ढकाल, उत्तम केसी, सुमिन गुरुङ, र विशाल पहारीको अभिनय छ ।

फिल्ममा सुमन गजमेरको लेखन, सौरभ लामाको छायांकन, दुर्गेश थापा, आमेश भण्डारी र भीम बिसीको संगीत, आनन्द कार्की, आमेश भण्डारी, भीम बिसी, समीक्षा अधिकारी, रजज्ञा श्रेष्ठ र सुजता केसीको स्वर, दुर्गेश थापा, आमेश भण्डारी र भीम बिसीको शब्द, प्रिज्मा श्रेष्ठको मेकअप, रोमन बज्राचार्य, उदय पौडेल र विमल छिनलको सङ प्रोग्रामिङ, आइक्याच स्टुडियोको पब्लिसिटी डिजाइन, बन्दे प्रसादको सम्पादन, राजेन्द्र मोक्तानको कलर, कविराज गहतराज र शिशिर खातीको कोरियोग्राफी तथा केवलमान सिंह बस्नेतको प्रोडक्सन छ ।

फिल्मलाई एप्पल इन्टरटेनमेन्ट, एफडी र रिच इन्टरटेनमेन्टले वितरण गर्दैछ ।

## रंगशाला

**यू-१९ महिला टी-२० विश्वकप क्रिकेट**

# नेपाल स्कटल्यान्डसँग एक विकेटले पराजित

■ प्रभाव संवाददाता




**काठमाडौं–** मलेसियामा जारी आइसिसी यु-१९ महिला टी-ट्वान्टी विश्वकप क्रिकेट प्रतियोगिताअन्तर्गत सोमबार भएको खेलमा नेपाल स्कटल्यान्डसँग एक विकेटले पराजित भएको छ । मलेसियाको युकेएम ओभल क्रिकेट मैदानमा सम्पन्न खेलमा नेपालले प्रस्तुत गरेको ७४ रनको लक्ष्य स्कटल्यान्डले १८ दशमलव चार ओभरमा नौ विकेटको क्षतिमा पूरा गऱ्यो ।

स्कटल्यान्डका लागि पिपा स्प्रोलले ४७ बलमा तीन चौकाको सहयोगमा ३५ रन बनाइन् । त्यसैगरी, ग्याब्रियला फोन्टेन्लाले १२ रन जोडिन् । बलिङतर्फ नेपालकी सिमना केसी र रचना चौधरीले समान दुई-दुई विकेट लिए भने कप्तान पूजा महतो र कृष्मा गुरुङले समान एक/एक विकेट लिए ।

त्यसअघि टस जितेर पहिला ब्याटिङ गरेको नेपालले १८ दशमलव पाँच ओभरमा सबै विकेट गुमाउँदै ७३ रन मात्रै बनाउन सक्यो । नेपालका लागि कप्तान पूजा महतोले ४३ बलमा तीन चौकाको सहयोगमा २७ रन जोडिन । त्यसैगरी, सावित्री धामीले १० रन जोड्नुबाहेक अन्य ब्याटरले दोहोरो अङ्कमा रन जोड्न सकेनन् ।

स्कटल्यान्डका लागि मैसी म्याकिरा एक्लैले पाँच विकेट लिइन् भने अमी बलडाइ र नइमा शेखले समान दुई/दुई विकेट लिए । त्यस्तै, क्रिस्टी म्यायाकोलले एक विकेट झारिन् । प्रतियोगितामा नेपालको यो लगातार दोस्रो हार हो । यसअघि भएको पहिलो खेलमा नेपाल बङ्गलादेशसँग पराजित भएको थियो । जितसँगै स्कटल्यान्डले सुपर सिक्समा पुग्ने सम्भावनालाई बलियो बनाएको छ । स्कटल्यान्ड पहिलो खेलमा अष्ट्रेलियासँग पराजित भएको थियो ।

# फर्कियो खो–खो टोली

**काठमाडौं (प्रस)–** प्रथम खो खो विश्वकपमा उपविजेता हुँदै ऐतिहासिक सफलता चुमेको दुवै नेपाली टोली स्वदेश फर्किएका छन् । नयाँ दिल्लीस्थित इन्दिरा गान्धी इन्डोर हलमा आइतबार राति सम्पन्न फाइनलमा नेपालको महिला र पुरुष दुवै टोली आयोजक भारतसँग पराजित हुँदै उपविजेतामा सीमित भएको थियो । महिला टोलीले अपराजित रहँदै फाइनलसम्मको यात्रा तय गरेको थियो। तर, उक्त यात्रामा ब्रेक लगाउँदै प्रियंका इङ्गलको कप्तानीमा रहेको भारतले ७८-४० को सानदार जितसहित भारतले उपाधि हात पाऱ्यो ।

घरेलु टोलीले आक्रमण र रक्षा दुबैमा उत्कृष्ट प्रदर्शन गर्दै नेपाललाई जितको कुनै मौका दिएन ।

समूह चरणमा बंगलादेश, श्रीलंका, भुटान र जर्मनीलाई नेपालले पराजित गरेको थियो । सेमिफाइनलमा युगान्डालाई ८९-१८ ले हराएर नेपालले भारतसँगको उपाधि भिडन्त पक्का गरेको थियो । तर, भारतसँगको खेलमा नेपालले आफ्नो अवसर गुमायो र विश्वकप जितेर इतिहास बनाउन चुक्यो ।

पुरुषतर्फ भने नेपाल आयोजक भारतसँग ५४-३६ अन्तरले पराजित भएको हो । नेपाल उद्घाटन खेलमै भारतसँग पराजित भएको थियो । त्यसको बदला लिने लक्ष्यसाथ मैदान उत्रिए पनि नेपाल सफल हुन सकेन ।

सेमिफाइनलमा नेपालले इरानमाथि ७२-२० को सहज जित निकाल्यो । समूहचरणमा भारतसँग पराजित भएको नेपालले त्यसपछि पेरु, ब्राजिल र भुटानलाई हरायो । यसैगरी नेपालले क्वार्टरफाइनलमा बंगलादेशलाई पन्छाउँदै भारतसँग भेट पक्का गरेको थियो ।


**बागमती प्रदेश सरकार**
**भौतिक पुर्वाधार विकास मन्त्रालय**
## शहरी विकास तथा भवन कार्यालय मकवानपुर
**हेटौडा, मकवानपुर**
**बागमती प्रदेश, नेपाल**

## बोलपत्र प्रस्ताव स्वीकृत गर्ने आशयको सूचना

**प्रकाशित मिति: २०८१/१०/०८**

यस कार्यालयबाट मिति २०८१/०९/०१ मा तपसिलको E-Bid मार्फत आह्वान भएका बोलपत्रहरूमा रितपूर्वक परेका बोलपत्र मध्य तपसिल उल्लेखित न्यूनतम मुल्यांकित सारभूत रूपमा प्रभावग्राही बोलपत्रहरूको बोलपत्र प्रस्ताव स्वीकृत गर्ने प्रावधान अनुरूप सार्वजनिक खरिद नियमावली २०६४ को नियम ३१(ज) को उपनियम ७ बमोजिम सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपसिल:**

| सि.नं. | ठेक्का नं. | योजनाको नाम | निर्माण व्यवसायी, ठेगाना | कबोल अंक |
|---|---|---|---|---|
| 1 | UDBO/MAK/NCB/ WORK/ 2081/82-13 | Construction of Asphalt Road and RCC Drain of Khairahani Na.Pa Ward No.- 06 Chitwan | S.O. Construction Pvt. Ltd., Baneshwor | ३३,४०,७९१.७०/- |
| 2 | UDBO/MAK/ NCB/WORK/ 2081/82-14 | Construction of retaining wall, RCC slab road, asphalt concrete and other road improvement works at Ratnanagar municipality wards 02,04,06,09, Chitwan | Mahakali Devi Construction Company Pvt. Ltd., Rapti Na.Pa.-09 | ६७,४४,२८४.९९/- |
| 3 | UDBO/MAK/ NCB/WORK/ 2081/82-15 | Construction of RCC slab road, asphalt concrete and other road improvement works at Khairahani municipality wards 07, 08, Chitwan | Mata Chandi Engineering Construction Pvt. Ltd., Chaurideurali Ga.Pa.-05 | ४४,६३,३२८.०८/- |
| 4 | UDBO/MAK/ NCB/WORK/ 2081/82-16 | Construction of drain works and other road improvement works at Bharatpur metropolitan city wards 12, Chitwan. | Barpipal Construction, Bharatpur-19, Chitwan | ३१,६८,६३९.२७/- |
| 5 | UDBO/MAK/ NCB/WORK/ 2081/82-17 | Construction of retaining wall, gravel works, asphalt concrete and other road improvement works at Bharatpur metropolitan city wards 15, Chitwan. | S. R. N. Dipika Construction Pvt. Ltd., Baneshwor,Kathmandu | २८,९१,१०६.२८/- |
| 6 | UDBO/MAK/ NCB/WORK/ 2081/82-18 | Construction of RCC Road at Kalika-09 and RCC Drain at Kalika-07,Chitwan | Mata Chandi Engineering Construction Pvt. Ltd., Chaurideurali Ga.Pa.-05 | २२,८२,८७३.१३/- |
| 7 | UDBO/MAK/ NCB/WORK/ 2081/82-19 | Construction of Asphalt Concrete Road, Stone Masonry Retaining Wall and Interlocking Block Works at Various Places at Ratnanagar-10,11,13 and 15, Chitwan | Mahakali Devi Construction Company Pvt. Ltd., Rapti Na.Pa.-09 | ९८,९६,३०२.७९/- |
| 8 | UDBO/MAK/ NCB/WORK/ 2081/82-20 | Asphalt Overlaying, Premix Surfacing and Kerbstone laying works at various roads of Hetauda Sub-metropolitan city ward 04 and 08, Makawanpur | Mayanka Construction, Kathmandu | ३१,५४,३८५.३३/- |

**कार्यालय प्रमुख**

# अर्बपतिहरूको सम्पत्ति तीन गुणा बढेको दाबी

**डाभोस (स्विट्जरल्यान्ड)**- विश्वका केही राजनीतिक र वित्तीय अभिजात वर्गहरू स्विट्जरल्यान्डको डाभोसमा वार्षिक भेलाका लागि तयार हुँदा एक प्रमुख गरिबी विरोधी समूहले सोमबार अर्बपतिहरूको सम्पत्ति सन् २०२४ मा अघिल्लो वर्षको तुलनामा तीन गुणा तीव्र गतिमा बढेको रिपोर्ट गरेको छ।

विश्व आर्थिक मञ्चको बैठक सुरु हुने अवसरमा वैश्विक असमानताको आफ्नो नवीनतम मूल्यांकनमा अक्सफाम इन्टरनेसनलले आगामी दशकमा कम्तीमा पाँच खर्बपति देखापर्ने अनुमान गरेको छ। एक वर्षअघि समूहले त्यो समयमा एकमात्र खर्बपति देखापर्ने पूर्वानुमान गरेको थियो।

अक्सफामको अनुसन्धानले निवर्तमान राष्ट्रपति जो बाइडेनले गत हप्ता दिएको 'थोरै अति-धनी व्यक्तिहरूको हातमा शक्तिको खतरनाक केन्द्रीकरण' को चेतावनीलाई थप बल दिएको छ। समूहको 'टेकर्स नट मेकर्स' शीर्षकको तीखो रिपोर्टले पनि सन् १९९० देखि गरिबीमा परेका मानिसहरूको संख्यामा मुस्किलले परिवर्तन भएको बताएको छ।

विश्व आर्थिक मञ्चले डाभोसको अल्पाइन गाउँमा हुने वार्षिक बैठकमा व्यापारिक अधिकारी, शिक्षाविद्, सरकारी अधिकारी र नागरिक समूहका नेताहरूसहित करिब तीन हजार सहभागी हुने अपेक्षा गरेको छ।

**चिन्ताको विषय के हो ?**

'नयाँ कुलीनतन्त्र'- आफ्नो पहिलो कार्यकालमा दुईपटक डाभोसको भ्रमण गरेका र सोमबार पदको शपथ लिएका नवनिर्वाचित राष्ट्रपति डोनाल्ड ट्रम्पले बिहीबार भिडियोमार्फत मञ्चको कार्यक्रममा भाग लिने अपेक्षा गरिएको छ। उनले आफ्नोसहित लामो समयदेखि सम्पत्ति सञ्चयको वकालत गर्दै आएका छन् र अर्बपति एलन मस्कलाई प्रमुख सल्लाहकारको रूपमा गणना गरेको छ।

'तपाईंले अहिले के देख्नुभएको छ भने आज एक अर्बपति राष्ट्रपतिले सबैभन्दा धनी व्यक्तिको समर्थनमा शपथ लिइरहेका छन्। त्यसैले यो विश्वव्यापी कुलीन वर्गको मुकुटको गहना हो,' अक्सफाम इन्टरनेसनलका कार्यकारी निर्देशक अमिताभ बेहरले ट्रम्प र मस्कलाई उल्लेख गर्दै एक अन्तर्वार्तामा भने, 'यो एक विशेष व्यक्तिको बारेमा होइन। यो हामीले सिर्जना गरेको आर्थिक प्रणाली हो जहाँ अर्बपतिहरू अहिले आर्थिक नीतिहरू, सामाजिक नीतिहरूलाई आकार दिन सक्षम छन्, जसले अन्ततः उनीहरूलाई बढीभन्दा बढी नाफा दिन्छ।'

बाइडेनको अमेरिकी कर संहितामार्फत अर्बपतिहरूलाई 'उनीहरूको उचित हिस्सा तिर्न सुरु गर्न' गरिएको आह्वानजस्तै वैश्विक वकालत समूह अक्सफामले असमानता र अत्यधिक सम्पत्ति घटाउन सबैभन्दा धनीमाथि कर लगाउन र 'नयाँ कुलीनतन्त्र विघटन गर्न' सरकारहरूलाई आह्वान गरेको छ।

समूहले एकाधिकार तोड्ने, सिइओको तलब सीमित गर्ने र कर्पोरेसनहरूलाई कामदारहरूलाई 'जीवनयापन ज्याला' तिर्न सुनिश्चित गर्न नियमन गर्नेजस्ता कदमहरूको आह्वान गरेको छ।

**सबैभन्दा गरिबहरूको अवस्था कस्तो छ ?**

शीर्ष टेक कम्पनीहरू र एस एन्ड पी ५०० जस्ता स्टक-मार्केट सूचकांकहरूका साथै सुनको मूल्य र बिटक्वाइन जस्ता क्रिप्टोकरन्सीहरूका लागि बलियो प्रदर्शनका कारण धेरै लगानीकर्ताहरूले २०२४ मा बलियो लाभ उठाए।

गत वर्ष अर्बपतिको सम्पत्ति दुई खर्ब डलरले बढेको अक्सफामले जनाएको छ। यो सन् २०२३ को तुलनामा तीन गुणा बढी हो र दैनिक पाँच अर्ब ७० करोड डलर हो।

अर्बपतिहरूको संख्या २०४ ले बढेर दुई हजार ७६९ पुगेको छ र १० धनी व्यक्तिहरूको सम्पत्ति औसतमा एक दिनमा लगभग १० करोड डलर बढेको छ। विश्व बैंकको तथ्यांकलाई उद्धृत गर्दै उक्त समूहले सन् १९९० देखि दैनिक ६.८५ डलरभन्दा कम आयमा जीवनयापन गर्ने मानिसहरूको संख्यामा 'मुस्किलले परिवर्तन' भएको भन्दै लामो समयसम्म चलेको गरिबीलाई औंल्याएको छ।

अक्सफामले अति धनीहरूको तथ्यांकका लागि नोभेम्बरको अन्त्यसम्मको फोर्ब्सको 'रियल-टाइम बिलियनेयर लिस्ट' प्रयोग गरेको छ। यसको विपरीत सन् २०२४ मा प्रत्येक हप्ता कम्तीमा चार नयाँ अर्बपति 'टकमरी (अत्यन्त धनी)' भएका थिए र अर्बपति सम्पत्तिको तीन-पाँचौं भाग उत्तराधिकार, एकाधिकार शक्ति वा 'क्रोनी कनेक्सन' बाट आउँछ।

औसतमा अक्सफामले कम र मध्यम आय भएका देशहरूले आफ्नो राष्ट्रिय बजेटको लगभग आधा ऋण भुक्तानीमा खर्च गरिरहेको बताएको छ। साथै, समूहले युरोपमा ७९ वर्षभन्दा बढीको तुलनामा अफ्रिकामा आयु ६४ वर्षभन्दा कम रहेको बताएको छ।

**के यो वर्ष डाभोसमा फेरि सामान्य जस्तै व्यापार हुनेछ ?**

केही पश्चिमी देशहरूमा बलियो नेताहरूको उदय भइरहेको र व्यवसाय जगत्मा विविधता र जलवायु परिवर्तनजस्ता प्रगतिशील मुद्दाहरू कमजोर हुँदै गएको अवस्थामा अति धनी र गरिबबीचको बढ्दो खाडलका बावजुद मंगलबारदेखि औपचारिकरूपमा सुरु हुने वार्षिक डाभोस सम्मेलनले यस वर्ष पनि पैसा कमाउने र सम्झौता गर्नेमा ध्यान केन्द्रित गर्ने सम्भावना छ।

धेरै क्षेत्रमा एआईले धेरै सेतो-कलर रोजगारहरू बढाउन सक्छ र उद्योगहरूको शृंखलामा कामदारहरूलाई विस्थापित गर्न सक्छ भन्ने चिन्ताका बाबजुद अधिक दक्षता प्राप्त गर्न व्यवसायका लागि उपकरणका रूपमा कृत्रिम बुद्धिमत्ताको निरन्तर वृद्धि पनि डाभोसमा फेरि एउटा केन्द्रीय विषय हुने छ।

दोस्रो कार्यकालका लागि ट्रम्पको पुनरागमन सम्भवतः डाभोसमा धेरै मुखहरूमा हुने छ। साथै युक्रेन र सुडानमा युद्धलगायत जारी द्वन्द्वहरू र गाजामा उनीहरूको विनाशकारी १५ महिने युद्धलाई रोक्दै आइतबार हमास र इजरायलबीच सुरु भएको युद्धविरामको निरन्तरताको आशाहरू पनि चर्चामा हुने छन्। मञ्चका आयोजकहरूले गत हप्ता ९०० विशेषज्ञबीच गरिएको 'ग्लोबल रिस्क्स रिपोर्ट' को सर्वेक्षण जारी गरेका थिए। रिपोर्टमा देशहरूबीचको द्वन्द्व सबैभन्दा ठूलो चिन्ताको विषय रहेको, त्यसपछि चरम मौसम, आर्थिक टकराव, गलत सूचना र दुष्प्रचार र 'सामाजिक ध्रुवीकरण' धनी र गरिबबीचको खाडलको संकेत रहेको पाइएको थियो।

विगतका वर्षहरूमा जस्तै बढी आर्थिक समानता, धनीहरूमाथि कर र अन्य मागहरूका लागि आह्वान गर्दै प्रदर्शनकारीहरू सडकमा उत्रिए। केहीले डाभोसका सडकहरू अवरुद्ध गरे, केही ठाउँमा ट्राफिक अवरोध गरे र शुक्रबारसम्म चल्ने कार्यक्रममा केही सहभागीहरूको यात्रामा ढिलाइ गराए। *रासस/एपी*

---

**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**

**कम्पनीको हकदावी सम्बन्धी सूचना**

यस कार्यालयमा मिति २०८०/०४/०९ मा दर्ता भएको **सुपर स्टार ह्यान्डिक्राफ्ट प्रा.लि. (प्रा.लि. नं. ३१५६४३)** नामक कम्पनीले दर्ता खारेज गरि पाउँ भनि यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीको कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हकदावीको लागि ३५ दिनभित्र यस कार्यालयमा दावी गर्न आउनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। तोकिएको म्यादभित्र हक दावी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ।

---

**नेपाल सरकार**
**दावी विरोध सम्बन्धी**
**वैदेशिक रोजगार विभागको सूचना**

नेपाल सरकारबाट वैदेशिक रोजगार व्यवसाय संचालन गर्न इजाजतपत्र प्राप्त संस्था **Saudi Nepal Recruitment Agency Pvt.Ltd. (ई.प.नं.७९७/०६५/६६) को साविकको ठेगाना ललितपुर जिल्ला ललितपुर उ.म.न.पा वडा नं. १३ परिवर्तित गरी काठमाडौं जिल्ला का.म.न.पा वडा नं. ४** कायम गर्न माग भई आएकोले उक्त प्रा.लि.को माग बमोजिम साविकको नाम परिवर्तन गर्दा कोही कसैलाइ मर्का पर्ने भएमा यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र यस विभागको संस्था दर्ता शाखामा उजुरी/निवेदन पेश गर्नु हुन अनुरोध छ। अन्यथा कानुन बमोजिम भई जाने व्यहोरा समेत यसै सूचनाद्धारा जानकारी गराइन्छ।

---

**मञ्जु लामा तामाङको नाममा १५ दिने सार्वजनिक सूचना**

सिन्धुपाल्चोक जिल्ला स्थायी घर भई हाल का.म.न.पा वडा नं.६ महांकाल शान्तिटोलस्थित सुरेन्द्रकुमार लामा (तामाङको) जग्गा भाडामा लिई व्यवसाय गर्दै आउनु भएको तपाई मञ्जु लामा तामाङ विगत ५ महिनादेखि भाडा नदिई सम्पर्कविहिन हुनुभएको भनी यस वडा कार्यालयमा निवेदन दिनु भएको हुँदा यो सूचना प्रकाशित भएको मितिले **१५ (पन्ध्र)** दिनभित्र वडा कार्यालयमा सम्पर्कमा आउनु होला। अन्यथा कानुन वमोजिम प्रक्रिया अगाडि बढाइने व्यहोरा यसै सूचनाद्वारा सुचित गराइन्छ।

**काठमाडौं महानगरपालिका वडा नं.६ को कार्यालय, बौद्ध, काठमाडौं**

---

## चौदण्डीगढी नगरपालिका
### नगर कार्यपालिकाको कार्यालय
बेल्टार, उदयपुर
कोशी प्रदेश, नेपाल

## प्रस्ताव स्वीकृत गर्ने आशयको सूचना

प्रकाशित मिति: कार्यालयमा २०८१/१०/०७, पत्रिकामा -२०८१/१०/०८

उपरोक्त सम्बन्धमा यस नगरपालिकाद्वारा मिति: २०८१/०८/२५ गतेको प्रभाव दैनिक पत्रिकामा प्रकाशित प्रस्ताव आह्वान सम्बन्धि सूचना अनुसार यस कार्यालयमा रितपूर्वक दर्ता हुन आएका प्रस्तावहरु मध्य मुल्यांकन समितिको मुल्यांकनका आधारमा निम्न प्रस्तावदाताको प्रस्ताव अधिकतम अंक प्राप्त गरी स्वीकृतीका लागि छनोट गर्ने निर्णय भएको हुदाँ उक्त प्रस्ताव स्वीकृत गर्ने आशयको सूचना सम्बन्धित सबै प्रस्तावदाताहरुको जानकारीको लागि प्रकाशित गरिएको छ।

तपसिल:

| सि. न. | कार्यको विवरण | स्वीकृतीको लागि छनोट गरिएको प्रस्तावदाताको नाम र ठेगाना | प्राप्त अंक | कै. |
|---|---|---|---|---|
| १ | *Hiring a Firm for Skills Development Training (Mason)* | **Pyramid Technical Institute Pvt. Ltd., Itahari, Sunsari** | ८८.५० | |

प्रस्ताव मुल्यांकन समिति
चौदण्डीगढी नगरपालिका कार्यालय

---

**Invitation for Bids**

# Sundarharaincha Municipality
## Office of Municipal Executive
**Biratchowk, Morang, Koshi Province, Nepal**

## Invitation for Electronic Bids

**Procurement of Works**

***Date of publication: 2081/10/08***

1. The Sundarharaincha Municipality, Office of Municipal Executive invites electronic bids from eligible bidders for the procurement as stated in table below under SQ bidding procedures specified in Public Procurement Act and Regulations.
2. Eligible Bidders may obtain further information and inspect the bidding documents at the office of Sundarharaincha Municipality, Biratchowk, Morang, Koshi Province, Nepal or may visit e-GP system: www.bolpatra.gov.np/egp.
3. Bidding documents is available online and can be downloaded from e-GP system: www.bolpatra.gov.np/egp. Interested bidders shall register in the e-GP system and deposit the cost of bidding document Fee in the following bank.
   Name of the Bank: Agricultural Development Bank
   Name of the Office: Sundarharaincha Municipality
   Office Account No.: 0601501147630146
   Rajaswa Shirshak no: 14229
   Office code no: 801011309
4. Bids shall be opened in the presence of Bidders' representatives who choose to attend at the office of Sundarharaincha Municipality, Biratchowk, Morang. Bids must be valid for a period of 45 days for SQ and counting from the day of bid opening amounting to a minimum of as stated in table below, which shall be valid for minimum 30 days beyond the bid validity period. For Cash Deposit Bank details:
   Name of the Bank: Agricultural Development Bank
   Name of the Office: Sundarharaincha Municipality
   Office Account No.: 0601501147630030
5. If the last date of submission and opening falls on a government holiday then the next working day shall be considered the last day. In such a case the bid validity and bid security validity shall be recognized with effect from the original bid submission deadline.
6. Any change or amendment on notice or bid document will be published on e-GP system: www.bolpatra.gov.np/egp or office website: www.sundarharaichamun.gov.np or office notice board.
7. Additional Terms and Conditions regarding the Works are also included in the Bid Document.
8. The Employer reserves right to accept or reject, wholly or partially any or all bids without assigning any reason, whatsoever. For further enquiry contact: 9852066111, 9852032607.

| S. N. | IFB No./ Contract ID No. | Name of Project Work | Estimated Amount Nrs. (without VAT) | Bid Document Fee (Nrs.) | Bid Security Amount (Nrs.) | Last Bid Submission Date | Bid Opening Date | Remarks |
|---|---|---|---|---|---|---|---|---|
| 1 | SHM/MOR/ SQ/W/23/ 2081/082 | Supply and Installation of Network Equipments and Internet Services. | 876792.08 | 1000 | 25000 | 2081/10/23 12:00 noon | 2081/10/23 01:00PM | SQ |

**Chief Administrative Officer**

---


## कुवेतमा रोजगार
कम्पनी : PINKIN LADIES BEAUTY SALON CO.

पूर्व स्वीकृति मिति : २०८१/१०/०६ | LT. No. 317201 | चलानी नं. ६०२३१५७३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | BEAUTICIAN MANICURIST/PEDICURIST | 0 | 4 | 150 | ६७,४३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ माघ १५ गते (28th Jan. 2025) मा हुनेछ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्वरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला।

HR NEPAL SERVICES PVT. LTD.
Old Baneshwor, Kathmandu, Nepal., Tel: +977-01- 5921536
Mob: 9802343008, Email: hrnepalservices@gmail.com
श्रम ईजाजत नं. १५४८/०७८/०७९



## युएइमा रोजगार
कम्पनी : AHLAN AL MADINA BUILDING MAINTNANCE LLC

पूर्व स्वीकृति मिति : २०८१/१०/०६ | LT. No. 317378 | चलानी नं. ६०२३१५५८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | CLEANERS/ HELPER | 4 | 0 | 1000 | ३७,७५६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ माघ १५ गते (28th Jan. 2025) मा हुनेछ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्वरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला।

Access Partners Nepal Pvt. Ltd.
Gov.Lic.No. : 1101/073/074
Tokha-10, Samakhusi, Kathmandu, Nepal Tel:+977-1-014956899, E-mail : mail@apnepal.com.np, Website : www.apnepal.com.np



## साउदीमा रोजगार
कम्पनी : Marjan Development Contracting Company

पूर्व स्वीकृति मिति : २०८१/०९/०७ | LT. No. 315807 | चलानी नं.६०२३०११३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Worker /labour | 5 | 0 | 1000 | ३६,९६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : Al-Mundhir Muhammad Abdullah Al-Sharif General Contracting Est

पूर्व स्वीकृति मिति : २०८१/१०/०७ | LT. No. 317129 | चलानी नं.६०२३१५७९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Loading And Unloading Worker | 3 | 0 | 1000 | ३६,९६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : Bab Najd Decoration Establishment

पूर्व स्वीकृति मिति : २०८१/०९/२१ | LT. No. 316517 | चलानी नं.६०२३१५८६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Furniture Carpenter | 1 | 0 | 1500 | ५५,४४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : Gulf Sky First Restaurants Company

पूर्व स्वीकृति मिति : २०८१/०९/२४ | LT. No. 316830 | चलानी नं.६०२३१५८५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | F&B Waiter | 4 | 0 | 1500 | ५५,४४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : IMNI Saudi Technical Works Co. Ltd. is a single person company.

पूर्व स्वीकृति मिति : २०८१/०९/११ | LT. No. 315972 | चलानी नं.६०२३१५८७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Laborer | 4 | 0 | 1000 | ३६,९६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ माघ १५ गते (28th Jan. 2025) मा हुनेछ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्वरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला।

Al Faraz International Overseas Pvt. Ltd
Dhumbarai Mandikhatar, Budhanilkantha 9, Kathmandu, Nepal, Contact: 9847416116, Email: hiringalfaraz@outlook.com
Govt. License 1553/079/80

प्रभाव दैनिक National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला – १५७००० | प्रति तोला – ० | प्रति तोला – १८६० |

## धौवादी फलाम उद्योगको काम छिटो अघि बढाउन जोड



■ प्रभाव संवाददाता

**काठमाडौं–** उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री दामोदर भण्डारीले धौवादी फलाम उद्योग सञ्चालन प्रक्रिया छिटो अघि बढाउनुपर्नेमा जोड दिएका छन् । पूर्वी नवलपरासीको हुप्सेकोटस्थित उक्त खानी उद्योग सञ्चालनका विषयमा सोमबार काठमाडौंमा सरकारी तथा निजी क्षेत्रका सरोकारवालासँग गरिएको अन्तरक्रियामा बोल्दै उनले उक्त उद्योग छिटो सञ्चालन गर्नुपर्नेमा जोड दिएका हुन् ।

धौवादी फलाम खानीको उत्खनन्, प्रशोधन तथा प्रयोग वर्तमान सरकारको चासो र प्राथमिकताको विषय भएको उनको भनाइ छ । उक्त फलाम उद्योग सञ्चालनको विषय तेस्रो लगानी सम्मेलनका बेला प्राथमिकताका साथ उठेकामा हाल यसबारे भइरहेका छलफलले उपयुक्त निर्णय गरी फलाम उद्योग सञ्चालन गर्नुपर्ने मन्त्री भण्डारीले बताए ।

मन्त्रालयका सचिव कृष्णबहादुर राउतले उक्त खानी उद्योग सञ्चालन हुँदा व्यापार घाटा घट्नुका साथै अन्तर्राष्ट्रिय बजारमा फलाम निर्यात गरी आर्थिक विकास गर्न सकिने बताए । करिब रु ५२ अर्ब बढी लागतमा निर्माण हुने उक्त फलाम उद्योग सञ्चालन गर्न ५५ प्रतिशत सरकारी र ४५ प्रतिशत निजी क्षेत्रको लगानी रहने विषयमा छलफल भइरहेको उनले जानकारी दिए ।

अन्तरक्रियामा प्रधानमन्त्री केपी शर्मा ओलीका आर्थिक सल्लाहकार डा. युवराज खतिवडाले फलाम उद्योग सरकारको नेतृत्व र निजी क्षेत्रको सहभागितामा सञ्चालन गर्नुपर्ने सुझाव दिए । धौवादी फलाम उद्योग सञ्चालनका लागि सरकार र निजी क्षेत्रसँगै अघि बढ्नुपर्ने उनको भनाइ छ ।

कम्पनीका कार्यकारी निर्देशक डा जनकबहादुर चन्दले कम्पनीको लक्ष्य तथा उद्देश्यहरू समयमै हासिल गर्न कम्पनीका भावी कार्य योजनालाई छिटोछरितो सञ्चालन गर्नु जरुरी रहेको बताए ।

विसं २०६८ सालमा हुप्सेकोट गाउँपालिका-५ को पोखरी, दुरुलङ्गा तथा धौवादी क्षेत्रमा फलाम खानी पत्ता लागेको थियो । उक्त खानीको धाउ क्षेत्र करिब ४१ वर्ग किलोमिटरमा फैलिएको छ । उक्त खानीबाट २०८५ सालदेखि व्यावसायिक उत्पादन गर्ने लक्ष्य छ ।

खानी सञ्चालन भएमा करिब दुई हजार पाँच सयले प्रत्यक्ष र अप्रत्यक्ष २५ हजार जनाले अप्रत्यक्ष रूपमा रोजगारी पाउने बताइएको छ । उक्त खानीबाट दैनिक एक हजार पाँच सय टन फलाम उत्पादन हुने बताइएको छ । सरकारले विसं २०७६ मा धौवादी फलाम खानी लिमिटेड गठन गरेको थियो । खानी पूर्ण क्षमतामा सञ्चालन हुँदा नेपालले हाल आयात गरिरहेको फलाम तथा फलामजन्य सामग्रीको २५ प्रतिशतभन्दा बढी माग पूरा हुने अपेक्षा गरिएको छ ।

कृषि विकास बैंक लिमिटेडको ५८औं वार्षिकोत्सव

## ‘कर्जा लगानी बढ्न नसक्नु चिन्ताको विषय’

■ प्रभाव संवाददाता

**काठमाडौं–** उपप्रधान तथा अर्थमन्त्री विष्णुप्रसाद पौडेलले बैंकबाट कर्जा लगानी अपेक्षितरूपमा बढ्न नसक्नु चिन्ताको विषय रहेको बताएका छन् ।

कृषि विकास बैंक लिमिटेडको ५८औं वार्षिकोत्सवका अवसरमा अर्थमन्त्री पौडेलले बैंकहरूमा निक्षेप सङ्कलन राम्रो देखिए पनि कर्जा प्रवाह बढ्न नसक्नु गम्भीर विषय रहेको बताए । ‘पछिल्लो दिनहरूमा बैंकको बचत बढेको छ तर कर्जा अपेक्षित रूपमा बढेको छैन । यो चिन्ताको विषय हो । हामीले उत्पादन, उत्पादकत्व वृद्धि गर्ने र रोजगारी सिर्जना गर्ने सम्भावित क्षेत्रमा बैंकको लगानी बढाउँदै जानुपर्छ’, अर्थमन्त्री पौडेलले भने ।

उनले कृषि विकास बैंकलाई थप व्यावसायिक र प्रतिस्पर्धी भएर काम गर्नसमेत निर्देशन दिए । ‘बैंकको सञ्चालक समिति, व्यवस्थापन र कर्मचारीको सामूहिक प्रयासबाट बैंक प्रतिस्पर्धी बन्दै गएको छ । तर हामी यसैमा रमाएर बस्ने होइन । अझै राम्रो, अब्बल र प्रतिस्पर्धी बैंकका रूपमा अगाडि बढ्नुपर्छ’, अर्थमन्त्री पौडेलले भने, ‘व्यवस्थापन र कर्मचारीबीच राम्रो सम्बन्ध नहुँदा कतिपय संस्थाहरूले अपेक्षित प्रगति गर्न नसकेको तितो अनुभव हामीसँग छ । यसकारण बैंकको व्यवस्थापन र कर्मचारीबीचको सम्बन्ध जीवन्त हुनुपर्छ ।’ कृषि विकास बैंक जुन उद्देश्यले स्थापना भएको हो त्यो प्राप्त गर्ने कुरालाई सर्वोच्च प्राथमिकता दिनुपर्ने उनको भनाइ छ ।

कार्यक्रममा नेपाल राष्ट्र बैंकका गभर्नर महाप्रसाद अधिकारीले मुलुकको आर्थिक तथा वित्तीय क्षेत्रका सूचकहरू सुधार हुँदै गएको र अर्थतन्त्र लयमा फर्किन थालेको बताए । यद्यपि, बैंकहरूले कर्जा असुलीमा केही समस्या भोगिरहेको उनले स्वीकार गरे ।

‘मुलुकको वर्तमान आर्थिक तथा वित्तीय सूचकहरू हेर्दा समग्रमा अर्थतन्त्र सुधारोन्मुख छ । बाह्य क्षेत्रमा सन्तुलन छ । बाढीपहिरोका कारण मुद्रास्फीति व्यवस्थापनमा केही चाप देखिए पनि समग्रमा वाञ्छित सीमाभित्रै छ । बैंकमा तरलता पर्याप्त छ । ब्याजदर घटेको छ’, गभर्नर अधिकारीले भने, ‘गतवर्षको तुलनामा भन्दा सरकारी राजस्व बढेको छ । आयात-निर्यात बढ्न थालेको छ । पछिल्लो समय पुँजी निर्माणसँग सम्बन्धित सामानहरूको आयात बढेको छ । यसकारण हामी निरुत्साहित हुनुहुँदैन । हाम्रा सकारात्मक पक्ष धेरै छन् ।’

बैंकको सञ्चालक समिति अध्यक्ष रामशरण पुडासैनीले दिगो बैंकिङ र वित्तीय स्थायित्वका लागि प्रचलित कानुन र नियामक निकायको निर्देशनको सही पालना, जोखिम व्यवस्थापन, प्रभावकारी आन्तरिक नियन्त्रण प्रणाली र कर्जाको गुणस्तर कायम गर्ने कार्यलाई उच्च प्राथमिकता दिएको उल्लेख गरे । आधुनिक बैंकिङ सुविधा, संस्थागन सुशासन, सुरक्षित तरिकाले सूचना प्रविधिको उच्चतम प्रयोग, लगानीमैत्री नीतिलगायतका माध्यमबाट व्यवसाय विस्तार र गुणस्तरीय सेवा प्रवाहमा विशेष ध्यान पुऱ्याएको उनको भनाइ छ ।

नेपालको ग्रामीण तथा कृषि क्षेत्रको विकासमा सहयोग गर्ने प्रमुख उद्देश्यका साथ विसं २०२४ माघ ७ गते रु पाँच करोड अधिकृत पुँजीसहित कृषि विकास बैंकको स्थापना भएको थियो । बैंकले कृषि र कृषिमा आधारित उद्योग व्यवसायको विकास एवं कृषिको आधुनिकीकरण, औद्योगीकरण, यान्त्रीकरण र व्यवसायीकरणका लागि सरल र सुलभ कर्जा प्रदान गर्दै आएको छ ।

अहिले बैंक ५१ प्रतिशत सरकारको र ४९ प्रतिशत सर्वसाधारणको स्वामित्वमा रहेको छ । बैंकले हालसम्म एक लाख ५१ हजार कर्जा ग्राहकमा करिब रु दुई खर्ब छ अर्ब कर्जा लगानीमा रहिरहेको छ । त्यसैगरी करिब २० लाख ३४ हजार निक्षेपकर्ताको रु दुई खर्ब ५९ अर्ब निक्षेप परिचालन गरिरहेको छ ।

बैंकको अधिकृत पुँजी रु २५ अर्ब, जारी पुँजी रु १९ अर्ब २८ करोड ६४ लाख ५१ हजार तीन सय छ । संस्थापक शेयरधनी नेपाल सरकारको ५१ प्रतिशतले हुन आउने रु सात अर्ब छ करोड ६१ लाख ६४ हजार तीन सय ९३ र सर्वसाधारण समूह शेयरधनीको ४९ प्रतिशतले रु छ अर्ब ७८ करोड ९० लाख ५९ हजार नौ सय सात कायम हुनेछ ।

यसैगरी बैंकको पुँजीकोषको अवस्था सुदृढ र मजबुत देखिएको छ । गत वर्ष १३ दशमलव ७५ प्रतिशत रहेको पुँजीकोष अनुपात गत मङ्सिरसम्ममा १३ दशमलव १४ प्रतिशत छ । हाल बैंकको शेयरधनी संख्या करिब तीन लाख रहेको छ ।


# Haldibari Rural Municipality

## Office of Rural Municipal Executive

**Haldibari-4 Jhapa, Province No. 1, Nepal**

## Invitation for Electronic Bids

**Date of publication : 2081-10-08 (2025-01-21)**

1. Haldibari Rural Municipality Invites Online Sealed Quotation for eligible bidders for the following Bids specified in public procurement Act and Regulation. The name and identification of the contract are as follows:

| Contract ID No | Name Of The Procurement | Bid Security Amount (Nrs) | Bid Document Fee (NRs) | Last date of bid submission | Bid opening Date |
|---|---|---|---|---|---|
| HRM/WORKS/ ROAD/SQ/ 16-081/082 | Road Maintainance Works at Goldhap Machhachowk- Aashamode - Rajgadh Jodne Sadak at Haldibari Rural Municipality | 42,000.00 | 1,000.00 | 2025-02-05, 12:00 | 2025-02-05, 14:00 |
| HRM/WORKS/ BUILDINGS/SQ/ 15-081/082 | Construction of Jaleshwor Shiva Mandir at Haldibari Ward- 4 | 28,500.00 | 1,000.00 | 2025-02-05, 12:00 | 2025-02-05, 14:00 |
| HRM/WORKS/ BUILDINGS/SQ/ 17-081/82 | Construction of Roofing Work at Durga Devi Pra Bi and Siddheshwor Shiva Panchayan Sadsang Bhawan at Different Location of Haldibari Rural Municipality ward no 1 | 44,000.00 | 1,000.00 | 2025-02-05, 12:00 | 2025-02-05, 14:00 |

2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of Office Of Haldibari Rural Municipality or may visit PPMO e-GP system www.bolpatra.gov.np/egp.
3. A complete set of Bidding Documents Can Be downloaded from PPMO's e-GP system www.bolpatra.gov.np/egp. Bidders, submitting their bid electronically, should deposit the cost of bidding document in the account as specified Below

   **Name of Bank : Citizens Bank International Ltd**
   **Name of Office : Haldibari Rural Municipality**
   **Office Account no.: 0630100000001202 (Haldibari Aantarik Rajaswa Khata)**
   **Office Account no.: 0630100000017201 (Haldibari Dharauti Khata)**
4. Bids must be valid for a period of 45 days for Sealed Quotation after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in pdf format in case of e-bid, which shall be valid for 30 days beyond the validity period of the bid.
5. If the last date of submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
6. All other conditions of the bidding process will be as per the public Procurement act 2063 and Public procurement regulation 2064.
7. The Employer reserves the right to accept or assigning any reason, whatsoever.

**Chief Administrative Officer**


## रूपन्देहीको कत्था र खोटोको विदेशमा उच्च माग



■ दामोदर खनाल

**रूपन्देही–** आयुर्वेदिक औषधिका रूपमा प्रयोग गरिने नेपाली खयरको भारतलगायत विश्वबजारमा राम्रो माग रहेको व्यवसायीहरूले बताएका छन् । पाचनशक्ति बढाउन, घाउ, खटिरा, बाथ र जोर्नीका लागि खयरको झोल उपयोग हुने गर्दछ । यसबाट निकालिने रसायनलाई कत्था भनिन्छ । कत्था पान, मसला र औषधिका रूपमा प्रयोग गरिन्छ ।

तिलोत्तमा नगरपालिका वडा नं. १६ पर्सहवामा रहेको माउन्ट एभरेस्ट कत्था मिलले खयर उत्पादन गर्दै आएको छ । जंगलमा खेर गइरहेको खयरको काठलाई प्रशोधन गरी कत्था उत्पादन गर्ने गरेको छ । यहाँ उत्पादित कत्था र खोटो करिब ८५ प्रतिशत भारत निर्यात हुने गरेको उक्त मिलले जनाएको छ । करिब १५ प्रतिशतमात्र नेपालमा खपत हुने गरेको मिलका सञ्चालक कुमार रोका क्षेत्रीले जानकारी दिए ।

भारतको अलावा बंगलादेश, भुटान, पाकिस्तान, चीनलगायत मुलुकमा निर्यातको राम्रो सम्भावना रहेको कत्था, रोजिनजस्ता वस्तुको निर्यातमा सरकारको नीति सहज नहुँदा समस्या रहेको उद्योगीको गुनासो छ । उद्योगले कत्थाका लागि प्रयोग हुने कच्चापदार्थ खयरको काठ पूर्व मेचीदेखि पश्चिम महाकालीका विभिन्न जिल्लाबाट खरिद गरेर ल्याउने गरेको छ ।

माउण्ट रोजिन टर्पाइनटाइन प्रालिले सल्लाको खोटो (रेजिन) बाट रोजिन, तारपिन तेललगायतका सामग्री उत्पादन गर्ने गरेको छ । सोही कम्पनीले काठ सिजनिङ उद्योग पनि सञ्चालन गरेको छ । स्वदेशमै उत्पादित चिजवस्तुलाई प्रयोग गर्दा नेपाली पैसा अन्तर ाष्ट्रिय बजारमा नजाने र नेपाली वस्तु निर्यातबाट राम्रो आम्दानी गर्न सकिने माउण्ट एभरेस्ट कत्था मिल्स उद्योगका अध्यक्ष वसन्त रोक्का क्षेत्री बताउँछन् । सरकारले उद्योगलाई चाहिने कच्चा पदार्थ उत्पादन गर्न चाहिने जमिनका लागि सहजीकरण गरिदिनुपर्ने उनको माग छ ।

वार्षिक करिब ५०० मेट्रिकटन उत्पादन क्षमता रहेको उद्योगमा हाल करिव ३०० मेट्रिकटन मात्रै उत्पादन हुँदै आएको उद्योगी कुमार रोकाले जानकारी दिए । कच्चापदार्थको अभावलगायत समस्याले पूर्ण क्षमतामा उद्योग सञ्चालन गर्न नसकिएको उनको भनाइ छ । विश्वबजारमा कत्थाको राम्रो माग रहे पनि सरकारको स्पष्ट नीति नियमको अभावले निर्यात गर्न झन्झट र विभिन्न समस्या रहेको उद्योगी बताउँछन् ।

यहाँका कत्था र रोजिन उद्योगमा हाल करिब एक अर्ब रूपैयाँ लगानी रहेको बताइएको छ । यी उद्योगमा करिब ५०० जनाले प्रत्यक्ष अप्रत्यक्ष रोजगार पाएका उद्योगीको दाबी छ । पछिल्लो समय यहा सिजनिङ काष्ठ उद्योग सञ्चालनमा ल्याइएको छ । खाली रहेका हिमाल र पहाडी क्षेत्रलाई कृषि कार्यमा प्रयोग गरी राम्रो आम्दानीका साथै रोजगार सिर्जना गर्न सकिने सम्भावना रहेको पनि उनले बताए ।

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रणः एक्प्रेस कलर प्रेस, कार्यालयः काठमाडौं–७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेलः prabhabdailynews@gmail.com, विज्ञापनका लागिः marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशकः कृष्ण कार्की, सम्पादकः विष्णु तामाङ